म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ८९ शनिबार १८ कात्तिक २०८० ने. सं. ११४३ कौलागा 4 November 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## प्रधानमन्त्रीद्वारा नेपाली क्रिकेट टोलीलाई बधाई



काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाली क्रिकेट टोली टी-२० विश्वकप प्रतियोगिताका लागि छनोट भएकामा बधाई दिएका छन् ।

उनले पछिल्लो समय क्रिकेटमा नेपाली टोलीले प्राप्त गरेको सफलता र उचाइप्रति सरकारकोतर्फबाट उच्च सम्मान व्यक्त गरेका छन् ।

प्रधानमन्त्री प्रचण्डले नेपाली टोलीको आगामी यात्रामा सफलताको कामनाका साथै सरकार सधैं क्रिकेट खेलाडीको साथमा रहने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# नदीजन्य पदार्थमा स्वार्थ समूहको रजाईं

## अवैध उत्खनन् र निकासीसँगै राजश्व चुहावट रोक्न स्थानीय तह कमजोर

नवीन तिमल्सिना



हेटौंडा, १७ कात्तिक/ मकवानपुरका १० स्थानीय तहमध्ये अधिकांशको मुख्य आन्तरिक स्रोत नदीजन्य पदार्थको बिक्री हो ।

हेटौंडा उपमहानगर पालिका, थाहा नगरपालिकासहित मनहरी, मकवानपुरगढी, राक्सिराङ, बकैया र भीमफेदी गाउँपालिकाले वार्षिक करोडौंको राजश्व नदीजन्य पदार्थको बिक्रीबाट उठाउँछ । आन्तरिक स्रोत जति बलियो भयो उति नै विकास बजेटको कार्यान्वयनमा सहजता हुन्छ । नदीजन्य पदार्थको बिक्रीलाई आधार मानेर स्थानीय तहहरुले हरेक वर्ष बजेटको दायरा कायम गर्छन् । तर, विगतका वर्षहरुको दृष्टान्तलाई हेर्दा स्थानीय तहहरुले सोचेअनुसार नदीजन्य पदार्थबाट राजश्व उठ्न सकेको छैन । नदीजन्य पदार्थको उत्खनन् र बिक्रीबाट उठेको राजश्वको ६० प्रतिशत स्थानीय सरकारले राख्न पाउँछ । बाँकी माथिल्ला सरकारलाई बाँडफाँड हुनेछ ।

खोलामा स्वार्थ समूहको व्यापक चलखेल र चोरी निकासी नियन्त्रणमा स्थानीय सरकार निरीह बन्दा अपेक्षित राजश्व संकलन कमजोर बन्दै गइरहेको छ । जसको प्रत्यक्ष असर विकास निर्माण, प्राकृतिक स्रोतसाधन र समुदायलाई परिहेको छ । खोलाको स्वार्थ समूहले जनप्रतिनिधिदेखि कर्मचारी समेतलाई प्रलोभन वा गुमराहमा पारेर अवैध उत्खननसँग निकासी गरिरहेको प्रमाण *साझाकुरा*सँग सुरक्षित छ । यसअघि *साझाकुरा*ले खोलामा जनप्रतिनिधि र कर्मचारीको मिलेमतोमा कसरी उत्खनन् र निकासी भइरहेको छ भन्ने समाचार प्रकाशित गरेको थियो । असोज यतामात्रै मकवानपुरगढी र भीमफेदीमा करोडौंको राजश्व चुहावट भएको छ ।

तर, नियामक निकाय जिल्ला अनुगमन समिति बेमतलबी छ । दैनिक लाखौंको राजश्व चुहावट हुँदा पनि स्थानीय सरकार र नियमनकारी निकाय अनुगमन समिति मुकदर्शक बनिरहेको हो । यतिसम्म की अनुगमन समितिलाई नदीजन्य पदार्थको अवैध उत्खनन् र चोरी निकासीबारे जानकारी नै छैन । अनुगमन समितिका संयोजक जिल्ला समन्वय समिति प्रमुख ललित घलान र समिति सदस्य सचिव जिल्ला समन्वय अधिकारी सूर्यप्रसाद चापागाईंले अवैध चोरी निकास बारे जानकारी नै नभएको बताए । नियमन गर्नुपर्ने निकाय नै हाइसञ्चोमा बसेपछि स्वार्थ समूहलाई खोलामा रजाईं भइरहेको हो ।

नदीजन्य पदार्थ उत्खनन् कार्य गर्ने स्थानीय सरकारको प्रमुख दायित्व राजश्व संकलन, चुहावट रोक्नु र अवैध उत्खनन् तथा चोरी निकासी नियन्त्रण गर्नु हो । सम्बन्धित स्थानीय तहलाई राजश्व चुहावट भइरहेको र प्राकृतिक स्रोतमाथिको चरम दोहनमा मतलब नै नभएको पाइएको छ । चालू आर्थिक वर्ष २०८०/८१ मा १० वटै स्थानीय तहमा नदीजन्य पदार्थ उत्खननका लागि अनुमति नआए पनि अवैध तवरले नदीजन्य पदार्थ उत्खनन् भइरहेको छ । जरिवाना नतिराई गाउँपालिकाहरुले नै अवैध नदीजन्य पदार्थ उत्खनन्मा पक्षपोक्षण गरिरहेका छन् ।

नदीजन्य पदार्थको बिक्रीबाट सबैभन्दा धेरै राजश्व उठाउने गरेको हेटौंडा उपमहानगर पालिकामा अत्यधिक राजश्व चुहावट छ । असोजयता अवैध उत्खनन र चोरी निकासी भइरहेको पत्ता लागेमा उपमहानगरले प्रदेशको आर्थिक ऐनमा जरिवानाको सम्बन्धमा भएको व्यवस्था बमोजिम प्रतिट्याक्टर ३ हजारले राजश्व लिँदै आएको छ । अन्य पालिकाले जरिवानासमेत उठाउन नसक्दा उपमहानगरले पनि जरिवानासहितको राजश्व संकलन गर्दै आइरहेको छ । तर, नदीजन्य पदार्थको चोरी निकासी नियन्त्रण गर्न सकेको छैन । कानुनअनुसार जरिवाना तिराउने कार्य भइरहे पनि चोरी निकासी नियन्त्रण गर्न मुस्किल भइरहेको उपमहानगरका प्रवक्ता सविन न्यौपानेले बताए । उनले जिल्लाका सबै निकायको सहयोगमा नियन्त्रण गर्नुपर्नेमा जोड दिए ।

भीमफेदी गाउँपालिकाको राजश्व शाखा प्रमुख सुदीप कँडेल चुहावट नियन्त्रण गर्न नसकेको स्वीकार गर्छन् । उनले नदीजन्य पदार्थ उत्खनन् भइरहेको र चोरी निकासी भइरहेको सम्बन्धमा गाउँपालिका जानकार रहेको घुमाउरोसँग स्वीकारे । तर, नियन्त्रण गर्न भने नसकेको उनको भनाइ थियो । भीमफेदीले चोरी निकास रोक्न नसक्दा दैनिक लाखौंको राजश्व गुमाइरहेको छ । मकवानपुरगढीका राजश्व शाखा प्रमुख प्रकाश न्यौपानेले पनि चोरी निकास नियन्त्रण भइरहेको र प्रभावकारीरुपमा हुन नसकेको स्वीकार गरे । उनले राजश्व चुहावट र चोरी निकासी नियन्त्रण गर्न गाउँपालिका एक्लैले सम्भावना कम रहेको र सबै निकायको साथ सहयोग आवश्वक रहेको बताए ।

मापदण्ड अनुसार विगतमा स्टक प्रमाणित भइसकेको ढुंगा, गिट्टी बालुवा राजश्व तिरेर निकासी गर्न र आइईई स्वीकृत भएको स्थानबाट मात्रै उत्खनन गर्न पाइन्छ । मापदण्ड विपरित उत्खनन् भएमा ऐनअनुसार कारबाहीको दायरामा ल्याउनुपर्छ । कानुनविपरित भएको उत्खनन्मा प्रदेश आर्थिक ऐनको अनुसूचि ६ बमोजिम प्रत्येक पटकको ढुवानीमा राजश्व तिरेको निस्सा र चलान पुर्जा साथमा रहेको नभेटिएमा (अप्रशोधित सामग्रीका हकमा) सवारीसाधनको क्षमताअनुसार सवारीको प्रतिघनमिटर क्षमतामा १ हजारका दरले जरिवाना गराउनुपर्ने व्यवस्था छ । तर, स्थानीय तहहरु जरिवाना तिराउँदैनन् । जसकारण अवैध कार्य गर्न स्वार्थ समूहलाई मद्दत पुगेको छ ।

समिति संयोजकसमेत रहेका जिल्ला समन्वय समितिका प्रमुख ललित घलानले चोरी निकासीको नियन्त्रणमा गम्भीर रहेको बताए । उनले समितिबाट अनुसन्धानको काम भइरहेको र तत्काल प्रभावकारी नियन्त्रण कार्य अगाडि बढाउने प्रतिबद्धता जनाए । घलानले प्रदेश सरकारसँग पनि यसबारे छलफल गरेको बताए ।

# नेपाल १० वर्षपछि टी-२० क्रिकेट विश्वकपमा

साझाकुरा संवाददाता




हेटौंडा, १७ कात्तिक/ वर्षौंदेखि रंगशाला निर्माण अलपत्र रहेको मुलपानी मैदानमा संघर्ष गरेपछि नेपाललाई १० वर्षपछि टी-२० क्रिकेट विश्वकपमा फर्काएको छ ।

सन् २०१४ मा टी-२० विश्वकप खेलेको नेपाल त्यसयता क्षेत्रीय प्रतियोगिताहरुमै सीमित थियो । शुक्रबार मुलपानीमा क्रिकेट मैदानमा यूएईसँग भएको विश्वकपका लागि एसिया छनौटअन्तर्गत् सेमिफाइनलमा भएको महत्वपूर्ण खेलमा नेपाल बिजयी भएको हो । घरेलु मैदानमा पाएको अवसरको सदुपयोग गर्दै नेपाल १० वर्षपछि नेपाल टी-२० विश्वकप क्रिकेटमा छनोट भएको हो ।

नेपालले आगामी वर्ष अमेरिका र वेस्टइन्डिजमा हुने विश्वकपमा क्रिकेटका महारथीहरुसँग प्रतिस्पर्धा गर्नेछ । नेपालका लागि दोस्रोपटक विश्वकप खेल्ने खेलाडी एकमात्र सोमपाल कामी बन्ने भएका छन् । नेपालले बंगलादेशमा २०१४ मा विश्वकप खेल्दा सोमपाल कामी नेपालका प्रमुख बलर थिए । उनी अहिले पनि नेपालका प्रमुख बलर हुन । सोमपालले यूएईसँगको खेलमा एक ओभरमै दुई विकेट लिएका थिए ।

नेपालले यूएईलाई ८ विकेटले हराएको हो । यसअघि नेपालले पहिलोपटक २०१४ मा बंगलादेशमा भएको विश्वकप खेलेको थियो । जहाँ हङकङ र अफगानिस्तानलाई पराजित गरेको थियो । त्यसपछि फेरि विश्वकपमा पुग्न नेपालले १० वर्ष कुर्नुपरेको हो । मूलपानीमा टस हारेर नेपालले पहिला बलिङ गरेको थियो । यूएईले ९ विकेटको क्षतिमा १३४ रन बनाएर नेपाललाई लक्ष्य पस्किएको थियो । नेपालले २ विकेट गुमाएर १७ दशमलव १ ओभरमै लक्ष्य भेट्टाएको थियो ।

नेपालको जीतमा आसिफ शेखले अर्धशतक प्रहार गरे । आसिफले नटआउट ६३ रन बनाए । उनले ५० बलमा ६ चौका र २ छक्का हानेका थिए । कप्तान रोहित पौडेलले २० बलमा नटआउट ३५ रन जोडे । दुईबीच नटआउट ६८ रनको साझेदारी हुँदा नेपालले सहज जीत निकाल्न सकेको हो । ओपनर कुशल भुर्तेल ११ रन बनाएर आउट भए । उनी तेस्रो ओभरको अन्तिम बलमा निलान्स केस्वानीको बलमा मोहमद वासीमबाट क्याच भएका हुन् । कुशलले आउट हुनुअघि २ चौका हाने ।

गुल्सन झा दशौं ओभरमा बासिल हमीदबाट २२ रनमा बोल्ड भए । उनले आउट हुनुअघि २४ बलमा ३ चौका प्रहार गरे । त्यसअघि शुक्रबार विहान टस जितेर पहिले ब्याटिङ गरेको यूएईले ९ विकेटको क्षतिमा १३४ रन जोडेको थियो । यूएईका लागि नृत्य अरिवन्दले अर्धशतक प्रहार गरे । अन्तिम ओभरको पहिलो बलमा कुशल मल्लबाट क्याचआउट हुनुअघि उनले ५१ बलमा ८ चौका र २ छक्का प्रहार गर्दै ६४ रन बनाए । आक्रामक सुरुवात गरेको युएईविरुद्ध नेपालले चौथो औभरमा दुई विकेट लिएको थियो ।

चौथो ओभरको पहिलो बलमा सोमपाल कामीले युएईका ओपनिङ ब्याटर खालिद शाहलाई ३ रनमा रनआउट गरेका छन् । सोमपालले सोही ओभरको चौथो बलमा मोहमद वासीमलाई २६ रनमा करण केसीबाट आउट गरे । वासीमले १६ बलमा ३ चौका र २ छक्का हिर्काए । नेपालका लागि तेस्रो विकेट सन्दीप लामिछानेले लिए । सन्दीपले दशौं ओभरको आसिफ खानलाई १३ रनमा एलबिडब्लूको धरापमा परे । नेपालका लागि कुशल मल्लले १४ औं ओभरमा चौथो विकेट लिएका छन् । उनले अलिशान सराफुलाई १६ रनमा सोमपाल कामीबाट आउट गरे । नेपालका लागि कप्तान रोहित पौडेलले पाँचौ विकेट लिए ।

पौडेलले यूएईका अली नासीरलाई ४ रनमा कुशल भुर्तेलबाट क्याच गराए । त्यतिबेला यूएईले १५ दशमलव ५ ओभरमा ५ विकेटको क्षतिमा १०० रन जोडेको थियो । सन्दीपले १८ औं ओभरमा मेडन विकेट लिएका थिए । उनले सो ओभरमा बासील हमीदलाई १ रनमा आउट गरेपछि पाँच बलमा कुनै रन दिएनन् । बलिङमा नेपालका कुशल मल्लले ३ विकेट लिए । उनले अन्तिम ओभरमा २ विकेट लिएका थिए । कुशलले ३ ओभरमा ११ रन खर्चिएका थिए । सन्दीप लामिछानेले २ विकेट लिए । सन्दीपले ४ ओभरमा १ मेडन राख्दा १४ रन मात्र खर्चिए । सन्दीपले १४ डट बल फ्याँकेका थिए ।

**विश्वकपमा २० टिम**

अमेरिका र वेस्ट इन्डिजले आयोजना गर्न लागेको आइसिसी टी-२० विश्वकप २०२४ मा २० टिमले सहभागिता जाउँदैछन ।

सन २०२४ को टी-२० विश्वकपमा १२ टिम सिधै छनोट भएका छन् भने ८ टिमले क्षेत्रीय छनोट चरण पार गर्दैछन् । गत वर्षको अक्टोबर-नोभेम्बरमा अस्ट्रेलियामा भएको टी-२० विश्वकपको शीर्ष ८ टिम २०२४ को विश्वकपका लागि सिधा छनोट भइसकेका छन् । जसमा अस्ट्रेलिया, इंग्ल्यान्ड, भारत, नेदरल्यान्ड्स, न्युजिल्यान्ड, पाकिस्तान, दक्षिण अफ्रिका र श्रीलंकाले शीर्ष आठमा परेर २०२४ को विश्वकपका लागि स्थान पक्का गरिसककेका छन् ।

अमेरिका र वेस्ट इन्डिज आयोजकको हैसियतमा छनोट भइसकेको छ । अमेरिकाले पहिलो टी-२० विश्वकप खेल्दैछ । १४ नोभेम्बर २०२२ सम्मको विश्व वरीयतालाई अर्को छनोटको आधार मानिएको थियो । जसबाट अफगानिस्तान र बंगलादेशले टी-२० विश्वकपमा स्थान बनाइसकेका छन् ।

# बागमतीमा विपद्‌बाट ४१ जनाको मृत्यु

## ३८ परिवार प्रभावित

साझाकुरा संवाददाता

हेटौंडा, १७ कात्तिक/ बागमती प्रदेशका अधिकांश जिल्लामा यसवर्षको मनसुनजन्य विपद्‌बाट ४१ जनाको मृत्यु र ३८ घरपरिवार प्रभावित भएका छन् ।

मनसुनजन्य विपद् बाढी, पहिरो, डुबान र भु-स्खलनमा परेर तीन महिनाको अवधिमा ३८ परिवार प्रभावित भएका हुन् । मकवानपुर, चितवन, धादिङ, नुवाकोट, काभ्रे, सिन्धुपाल्चोक, रसुवा, दोलखा, सिन्धुली र रामेछापमा विपद्‌बाट जनधनको क्षति भएको छ । चालु आर्थिक वर्ष २०८०/८१ को साउनदेखि असोजसम्म प्राकृतिक र गैरप्राकृतिक विपद्मा परेर ४१ जनाको मृत्यु भएको छ । तीन महिनाको अवधिमा भएको ७१ विपद्जन्य घटनामा परेर एकसय ६ जना घाइते र १२ जना बेपत्ता भएका हुन् ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय बागती प्रदेश हेटौंडाको तथ्याङ्कअनुसार साउनमा ३९ विपद्जन्य घटनामा १७ जनाको मृत्यु भएको छ । साउनमा ३६ जना घाइते भए । प्राकृतिक विपद्मा परेर ६ जना र गैरप्राकृतिक विपद्मा परेर ११ जनाको मृत्यु भएको हो । जसमध्ये पहिरोमा ५ जना र भू-स्खलनमा एकजना परेका थिए । साउनमा गैरप्राकृतिक विपद्मा ११ जनाको मृत्यु भएको थियो । जनावर आतङ्क २ जना, सर्पदंश एक जना र जल दुर्घटनामा ८ जनाको मृत्यु भएको थियो भने ११ जना बेपत्ता भएको तथ्याङ्क छ ।

भदौमा २२ विपद्जन्य घटनामा १९ जनाको मृत्यु हुँदा ६३ जना घाइते भएको मन्त्रालयले जानकारी दिएको छ । प्राकृतिक विपद्मा परेर ४ जना र गैरप्राकृतिक विपद्मा १५ जनाको मृत्यु भएको हो । जसमध्ये पहिरोमा ३ जना, भुस्खलनमा १ जना, आगलागीमा २ जना, सडक दुर्घटनामा १० जना र जल दुर्घटनामा ३ जनाको मृत्यु भएको थियो भने एक जना बेपत्ता भएका थिए । यसैगरी, असोजमा १० विपद्जन्य घटनामा ५ जनाको मृत्यु भएको छ भने ७ जना घाइते भएका थिए । दश घटनामध्ये पहिरोमा परी २ जना, आगलागीमा एक जना र जल दुर्घटनामा २ जनाको मृत्यु भएको थियो ।

बागमती प्रदेश सरकारले प्राकृतिक विपद्मा बाढी, पहिरो, डुबान, चट्याङ, हिमपहिरो, हुरी बतास, भुकम्प, भु-स्खलन, हिमपात, खडेरी, आँधी, असिना, शितलहर, अतिवृष्टि, हिमपात बिस्फोट, ज्वालामुखी र डढेलो र गैरप्राकृतिक विपद्मा आगलागी, जनावर आतंक, सर्पदंश, सडक दुर्घटना, जल दुर्घटना, हवाई दुर्घटना, ग्यास विष्फोटन, विषाक्त खाद्य सेवन, औद्योगिक दुर्घटना, महामारी, अनिकाल, किट, शुक्ष्म जिवाणु आतंक, बिषाक्त ग्यास, रसायन वा विकिरण चुहावट, प्याण्डामिक फ्लू, खानी दुर्घटना र वातावरणीय प्रदुषणलाई समावेश गरेको छ ।

## पेस्तोल देखाएर धम्क्याउने पक्राउ

हेटौंडा, १७ कात्तिक/ हेटौंडामा नक्कली पेस्तोल देखाएर समुदायमा आतंक मच्याउने एक युवकलाई प्रहरीले पक्राउ गरेको छ ।

प्लाष्टिकको पेस्तोल देखाएर मानिसलाई धम्क्याउँदै हिँडेको आरोपमा हेटौंडा-१५ शिखरपानीका स्थानीय १९ बर्षीय साजन स्याङ्तानलाई नक्कली पेस्तोलसहित मकवानपुर प्रहरीले पक्राउ गरेको हो । आरोपितले शिखरपानीका मानिसहरुलाई प्लास्टिकको नक्कली पेस्तोल देखाई धम्काउने र दुःख दिने गरेको भन्ने सूचनाका आधारमा नक्कली पेस्तोलसहित नियन्त्रणमा लिइएको मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । पक्राउ परेका स्याङ्तानमाथि आवश्यक अनुसन्धानका लागि अदालतबाट ७ दिन म्याद थप गरी अनुसन्धान प्रक्रिया सुरु गरिएको प्रनाउ भण्डारीले बताएका छन् ।

# बालबालिकालाई भिटामिन र जुकाको औषधि खुवाउँदै उपमहानगर

हेटौंडा, १७ कात्तिक/ हेटौंडा उपमहानगरपालिकाका नगर प्रमुख मीनाकुमारी लामाले राष्ट्रिय 'भिटामिन ए' कार्यक्रममा आफैं सँलग्न रहेर बालबालिकालाई भिटामिन ए र जुकाको औषधि खुवाएकी छन् ।

हेटौंडा-११ नवलपुरको त्रिभूवन माध्यमिक बिद्यालय खोप केन्द्रमा पुगेर नगर प्रमुख लामाले स्थानीय बालवालिकाहरुलाई भिटामिन ए र जुकाको औषधि खुवाएकी हुन् । हेटौंडा उपमहानगरपालिका स्वास्थ्य शाखामार्फत् सञ्चालमा रहेको खोप केन्द्रमा पुगेकी लामाले ६ महिनादेखि ५९ महिना उमेर समूहका बालबालिकालाई भिटामिन ए र जुकाको औषधि खुवाएकी थिइन् । उपमहानगर क्षेत्रका ९२ वटा केन्द्र मार्फत् शुक्रबार र शनिबार दुई दिन भिटामिन ए र जुकाको औषधि खुवाउने कार्यक्रम सञ्चालन हुनेछ ।

खोप केन्द्रहरुमा नगरक्षेत्रमा महिला स्वयमसेविका र आमासमूहका प्रतिनिधि संलग्न भएर कार्यक्रम सञ्चालन गरेको उपमहानर स्वास्थ्य शाखाका सिनियर अहेब केशव तिमल्सिनाले बताए । उनका अनुसार उपमहानगरको १९ वडामा रहेका १२ हजार वालबालिकालाई भिटामिन ए र जुकाको औषधि खुवाइने उनले बताए । स्वास्थ्य कार्यालय मकवानपुर का अनुसार जिल्लामा चारसय ७१ महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरुले १ सय १० स्वास्थ्य संस्थाको नेतृत्वमा भिटामिन ए र जुकाको औषधी खुवाउनेछन् ।

मकवानपुरमा भिटामिन ए खाने ६ देखि ५९ महिना उमेर सम्मका बालबालिकाहरु ३५ हजार ५ सयको हाराहारीमा छ भने जुकाको औषधी खाने १ वर्षदेखि ५ वर्ष उमेर का बालबालिकाहरुको संख्या ३० हजार ८ सय ६२ रहेको स्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी लक्ष्मण घिमिरेले बताए ।

घिमिरेका अनुसार हेटौंडा उपमहानगरपालिकामा ९२, मनहरीमा २१, राक्सिराङमा ३८, कैलाशमा ४२, भीमफेदीमा ५०, बागमतीमा ३२, बकैयामा ६५, मकवानपुरगढीमा ४०, इन्द्रसरोवर गाउँपालिकामा ३७ र थाहा नगर पालिकामा ५४ जना स्वयम्सेविका परिचालन भएका छन् । सरकारले भिटामिन ए खुवाउने निर्धारित समय कात्तिक २ र ३ गते तोके पनि यस वर्ष दशैंका कारण भिटामिन ए कार्यक्रम कात्तिक १७ र १८ गते सरेको हो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

कार वास भित्र/बाहिर
वायरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# ४४ अर्बमा किनेको एक्सको मूल्य एक वर्षमै २५ अर्ब डलरले घट्यो

काठमाडौं / गत वर्ष अक्टोबरमा एलन मस्कले ४४ अर्ब डलरमा खरिद गरेको ट्वीटर (हाल एक्स)को बजारमूल्य एक वर्षमै २५ अर्बले घटेर १९ अर्ब डलरमा पुगेको छ । अन्तर्राष्ट्रिय सञ्चारमाध्यम ब्लुमबर्गका अनुसार एक वर्षमा एक्सको बजार मूल्यमा ५५ प्रतिशत गिरावट आएको हो ।

माइक्रोब्लगिङ साइटका रूपमा परिचित ट्वीटर खरिद गरेपछि मस्कले त्यसमा थुप्रै परिवर्तन ल्याएका छन् । कम्पनी खरिद गर्ने क्रममा मस्कले वास्तविक मूल्यभन्दा बढी तिरेर खरिद गरेका थिए । मस्क आफैंले पनि ट्वीटर खरिद गर्नुअघि आफूले बढी शुल्क तिर्न लागेको स्वीकारेका थिए ।



तत्काल बजार अवस्था जस्तो भएपनि भविष्यमा कम्पनीले बजारमा राम्रो प्रभाव पार्ने मस्कको विश्वास छ । त्यसैले उनले प्रतिशेयर ५४.२० डलर तिरेर ट्वीटरको सम्पूर्ण शेयर खरिद गर्ने बताए । त्यही समयमा मस्क र तत्कालीन ट्वीटर व्यवस्थापनबीच थुप्रै विवाद पनि भयो ।

सो प्लेटफर्ममा नक्कली अकाउन्टको सङ्ख्या पारदर्शी नभएको भन्दै ट्वीटर खरिद गर्ने आफ्नै निर्णयबाट मस्क पछि हटे । तर, ट्वीटरले सोही विषयमा मुद्दा दायर गऱ्यो ।

मुद्दा सुनवाई हुने दिन २७ अक्टोबर २२ मा नै मस्कले ट्वीटर खरिद गरिदिए । गत अप्रिलमा विश्लेषक टकर कार्ल्सनले अन्तर्वार्तामा मस्कले ट्वीटरको मूल्यभन्दा दोब्बर बढी मूल्य तिरेर खरिद गरेको उल्लेख गरेका थिए । गत मार्चमा लिक भएको कम्पनीको विवरणमा मस्क आफैंले पनि एक्सको मूल्य २० अर्ब हाराहारी भएको उल्लेख थियो ।

ट्वीटर आफ्नो स्वामित्वमा भएपछि मस्कले त्यसमा थुप्रै परिवर्तन गरे । लिगेसी चेकमार्क हटाउने, कम्पनीको नाम परिवर्तन गर्ने लगायतका निर्णय मस्कले सो प्लेटफर्म खरिद गर ेको एक वर्षमै गरे ।

सेप्टेम्बरमा बाहिरिएको रिपोर्टलाई आधार मान्ने हो भने मस्कले सो प्लेटफर्म खरिद गरिसकेपछि कम्पनीको आम्दानी ६० प्रतिशतले घटेको छ । अभिव्यक्ति स्वतन्त्रतालाई प्राथमिकता दिने नाममा सो प्लेटफर्ममा द्वेषपूर्ण अभिव्यक्ति दुर्व्यवहार र रङ्गभेद सम्बन्धी गतिविधि बढ्दैछन् ।

मस्कको नेतृत्वमा रहेको एक्सले कैयौं कानूनी झमेलाको सामना गर्दै आएको छ । फोर्ब्सका अनुसार कम्पनीले कर्मचारीलाई दिने भनेको रकम उपलब्ध नगराएकाले मुद्दाको सामना गरिरहेको छ । कतिपय कम्पनीले एक्सले प्रयोगकर्ताको डेटा सङ्कलन गरी त्यसको उलङ्घन गरिरहेको दाबी समेत गरेका छन् ।

**यौन / स्वास्थ्य**

# किशोरकिशोरीसँग यौन स्वास्थ्यको कुरा

'बैंसले मात्तिएको', 'बैंस चढेको' । किशोरवयको चञ्चलतालाई यसरी बुझ्ने वा बुझाइने गरिन्थ्यो, पुरातन समाजमा । यद्यपि एउटा उमेर चरणमा यस्तो चञ्चलता स्वभाविक हुने गर्छ । त्यसबेला हुने शारीरिक परिवर्तन र भावनात्मक उथलपुथलले पनि उनीहरुलाई बढी चञ्चल बनाइरहन्छ । त्यसैले त यस उमेरमा उनीहरु नयाँ नयाँ साथी बनाउने, विपरीत लिंगीप्रति आकर्षित हुने, यौनका कुरामा चासो राख्ने गर्छन् । जबकि यो कुरा उनीहरुले खुलेर व्यक्त गर्न असहज मान्छन् । यौनप्रतिको उत्सुकता मात्र होइन, आफ्नै यौनाङ्गहरुको विकासले पनि उनीहरुमा कति प्रश्न जगाउँछ । डर र आशंका पैदा गरिदिन्छ । यौनसँग जोडिएका यस्ता असंख्य जिज्ञासा उनीहरुको मनभित्रै गाँठो पर्छ । त्यसले उनीहरुलाई बिस्तार कुण्ठित बनाउने जोखिम हुन्छ । असुरक्षित यौन सम्बन्ध, अनिच्छित गर्भाधान, यौन हिंसा, दुर्व्यवहार, बलात्कार जस्ता कृत्य निम्त्याउने कारक पनि यही हुन सक्छ ।



***इन्टरनेट र अश्लील सामग्रीको लत***

ठूलो जोखिम के छ भने अहिलेका बालबच्चा इन्टेरनेटको सहज पहुँचमा छन् । त्यसबाट उनीहरु खोजीखोजी अश्लील सामग्री हेर्न सक्छन् । उनीहरुलाई यौन शिक्षा र अश्लील सामग्रीको भेद थाहा हुँदैन । त्यसैले आफ्नो जिज्ञासा शान्त पार्ने चक्करमा उनीहरु अश्लील फोटो / भिडियोको लतमा पर्न सक्छन् । त्यति मात्र होइन, सामाजिक सञ्जालबाट साथी बनाएर अश्लील संवाद गर्ने, अश्लील फोटो, भिडियो साझेदार गर्ने सम्भावना पनि हुन्छ । यसले उनीहरुलाई भोलिको दिनमा निकै ठूलो समस्यामा फसाउन सक्छ । त्यसैले यी सम्पूर्ण कुराबाट सही निकास दिन छोराछोरीसँग यौन ज्ञान र यौन स्वास्थ्यबारे चर्चा गर्नु जरुरी छ ।

***यौन हिंसामा पो छ कि ?***

हाम्रा बालबच्चाहरुमाथि उनकै सहपाठीहरुले यौन हिंसा पो गरिरहेका छन् कि ? इन्टरनेटबाट यस्तो जोखिम हुन सक्छ । उनीहरुलाई सामाजिक सञ्जालमार्फत अश्लील सामग्री पठाउने, अश्लील कार्य गर्न उकास्ने गरेका हुन सक्छन् । यसरी यौन हिंसामा परेको छ भने पनि उनीहरु दु:खी हुन सक्छन् । कतिपयले उनीहरुलाई फकाएर, फसाएर अश्लील फोटो, भिडियो साझेदार गर्न लगाएका हुन सक्छन् । अनि त्यसैको माध्यमबाट अरु फाइदा उठाउने कोसिस गरेका हुन सक्छन् । त्यसैले आफ्नो बालबच्चा कस्तो मनोदशामा छन् भनेर बुझ्न र खोज्न जरुरी छ । साथै इन्टरनेटबाट हुने यौन हिंसाको रुप, त्यसको जोखिमबारे बताउनुपर्छ । खासगरी आमाबुवाले आफ्ना किशोर उमेरका छोराछोरीसँग यौन स्वास्थ्य र संयमताको कुरा गर्नुपर्ने हुन्छ । तर कसरी ?

***कुराकानीको बहाना खोजौं***

हाम्रो जस्तो पारिवारिक संरचनामा बुवाआमा र छोराछोरीबीच यौनका विषयमा कुराकानी गर्नु त्यति सहज छैन । कसरी कुरा गर्ने, के भन्ने ? अभिभावकमा दुविधा हुन्छ । यसको लागि कुनै बहाना खोज्न सकिन्छ । जस्तो टेलिभिजन, पत्रपत्रिका, सामाजिक सञ्जाल आदिमा आउने यौन सम्बन्धी समाचार, विज्ञापन । त्यही सामग्रीलाई केन्द्रमा राखेर कुरा उप्काउन सकिन्छ र आफूले भन्नुपर्ने वा भन्न खोजेको कुरा थपथाप गर्न सकिन्छ ।

***कुन-कुन विषयमा कुराकानी गर्ने ?***

आठ-नौ वर्षको उमेरदेखि नै छोरीहरुमा मासिक स्राव सुरु हुन सक्छ । अर्थात् उनीहरुको शारीरिक परिवर्तन त्यसबेला हुन्छ, जतिबेला उनीहरु कलिलै उमेरका हुन्छन् । यसबेला उनीहरुको शरीर परिपक्व हुँदै गए पनि भावनात्मक रुपमा उनीहरु परिपक्व भएका हुँदैनन् । यसले गर्दा आफ्नो शरीरमा के भइरहेको छ भन्नेमा उनीहरुलाई डर, लाज, ग्लानि हुन सक्छ । यो एक स्वभाविक प्रक्रिया हो र यसलाई सहज रुपमा लिनुपर्छ भन्ने कुरा बालबच्चालाई सिकाउनुपर्छ ।किशोरावस्थामा हुने शारीरिक परिवर्तनबारे कुरा गर्न सकिन्छ । जस्तो महिनावरी, यौनांगको विकास । यसबेला उनीहरुसँग महिनावारी हुँदा के कस्तो शारीरिक समस्या हुन सक्छ, त्यसबेला कसरी शारीरिक स्वच्छता अपनाउने भन्नेदेखि प्याडको प्रयोगसम्मका कुरामा चर्चा गर्न सकिन्छ । यौनांगको सफाइ कसरी गर्ने, यदि त्यसो नगरिए के हुन सक्छ, भित्री वस्त्र कति अवधिमा फेर्ने जस्ता कुरा पनि भन्न जरुरी छ । यौनांगको विकाससँगै हुने शारीरिक वा भावनात्मक परिवर्तनबारे पनि बुझाउनुपर्छ । जति-जति उनीहरु हुर्कँदै जान्छन्, यौनप्रतिको उत्सुकता पनि बढ्दै जान्छ । यो चरणमा स्वप्नदोष हुने, विपरीत लिंगीप्रति आकर्षण बढ्ने हुन्छ । यसलाई कसरी सहज रुपमा लिने भनेर आमाबुवाले चर्चा गर्न जरुरी हुन्छ । आमाबुवाले यस्तो अनुकूल वातावरण बनाइदिनु पर्छ कि, छोराछोरीले यौनका विषयमा स्पष्ट कुरा गर्न सकुन् ।

***किशोरहरुको यौन सम्बन्धित निम्न प्रश्नहरु गर्न सक्छन् :***

मलाई कसरी थाहा हुन्छ कि म यौनको लागि तयार छु भनेर ? साथीहरुको दबाब, जिज्ञासा र एक्लोपन जस्ता समस्याले किशोरकिशोरीलाई यौनमा संलग्न हुन उक्साउँछ । आमाबुबाले उनीरुलाई यौनको लागि संयम हुनुपर्छ भनेर सम्झाउनुपर्छ । यौन एक वयस्क व्यवहार हो । त्यसैले अर्को साथीसँग यौनजन्य व्यवहार गर्ने भन्दा पनि स्वस्थ सम्बन्ध स्थापित गर्न प्रेरित गर्नुपर्छ । आमाबुबाले किशोरहरुलाई अरुसँग बोलेर, खेलेर, नाचेर, गाएर र अन्य क्रियाकलाप गरेर सम्बन्ध जोड्न सकिन्छ भनेर सम्झाउनुपर्छ ।

***के हुन्छ यदि मेरो पार्टनर चाहिं यौनको लागि सहमत हुन्छ तर म भने सहमत भइनँ भने ?***

यदि किशोरकिशोरी यौनका लागि तयार छैनन् भने त्यसमा केही जबर्जस्ती गर्ने कुरा हुँदैन । कुनै प्रकारको जबर्जस्ती यौन सम्पर्क हुनु भनेको बलात्कार हुनु हो, चाहे त्यो माया गर्ने व्यक्ति होस् वा नचिनेको व्यक्ति ।

***सुरक्षित यौनको विधिबारे जानकारी***

यदि किशोरकिशोरी यौनमा सक्रिय छन् भने आमाबुबाले यसबारे कुरा गर्नु निकै महत्वपूर्ण छ । उनीहरु यसबारे कुरा गर्न खोज्दैनन् भने आमाबुबाले नै राम्रोसँग यसको कुराकानी सुरु गर्नुपर्छ । आमाबुबाले किशोर किशोरीलाई यौनमा सक्रिय भएपछिको जिम्मेवारीहरु सम्झाउनुपर्छ । आमाबुबाले सुरक्षित यौनको महत्वलाई राम्ररी बुझाउनुपर्छ । उनीहरुलाई यौनमा संलग्न हुने बेला कण्डम र अन्य गर्भनिरोधक विधिबारे बुझाउनुपर्छ ।

# साहित्य

कविता

## आमा



अनिता "प्रकृति"

हरेक सुन्दर बिहानी
एउटा सिंगो रातलाई छिचोलेर हुन्छ।
अनि
जीवन पनि त्यै रात जस्तै हो,
कुनै रात
दिन भरको थकान मेट्न आतुर
हुन्छन्,
कुनै आउँदै नआए हुने नि भन्दा
नि आउँछन्,
कुनै यति सम्म लामा रात हुन्छन् कि
त्यै एउटा रात छिचोल्न नसक्दा
जीवन नै अन्तिम हुन्छ।
आमा
म जति खुसी थिएँ नि,
हजुरको पाठेघरमा हुँदा थिएँ।
म जति सुरक्षित थिएँ नि
हजुरकै त्यो न्यानो पाठेघर अनि
काखमा थिएँ।
मैले कति गल्ती अन्जानमै गर्थे हुँला
ती गल्तीलाई हजुरले विकासको एउटा
खुड्किलो सम्झेर मख्ख पर्नु हुन्थ्यो।
आमा
म अझै नि कति अन्जान छु।
हजुरले झैं नानी बाबु भनेर
मलाई
सम्बोधन गर्दा मैरै आमाको
मायाजस्तै भनेर झुकिएछु।
हुन त गल्ती मेरै छ आमा
म हजुरले सिकाएको हरेक बाटो
हिँडी रहेछु।
तर हजुरको कुनै दोष छैन।
हजुरले १ दिन पनि विद्यालयको ढोका सम्म
केकिलामा कागजका पाना च्यापेरजानु भएन,
अनि हजुरले आफूले जे सिक्नु
भयो मैले नि त्यै सिकें
सहनशीलता, धर्यता,नम्र
स्वभाव,थोरै बोल्ने सत्य बोल्ने
तर त्यो अहिले गलत भै सकेछ
किनकि
अहिले ठूलठूला विश्व विद्यालय
पढ्नेको घुइँचो छ।
अहिले समय परिस्थिति अनुसार
चल्नु पर्ने रहेछ।
म त्यै झुकिएछु आमा हजुरको
संस्कारमा
तर म युग फेरिए नि हजुरले
सिकाएको ज्ञान फेर्ने छैन
हरेक पल भगवानसँग प्रार्थना
गर्छु कि
हजुर बिनाको जीवनमा मलाई
आत्म विश्वासी, निडर, घमण्डी
अनि मूर्ख बनाइदेउ
त्यस्तै गरेर अरूका आमालाई
हजुरको स्थानमा कहिले राख्न नसकूँ
हजुरको एक मुस्कान मेरा लागि
करोडौंको आत्मबल बन्ने छ।
हजुर सधैं मुस्कुराउनु है
मेरी आमा

## घर-देश झैं बनाइदिऊँ अमेरिका!



जगन्नाथ पौडेल

रातभरि काम गर्दागर्दै
उता पर हुस्सुको सिरानीबाट
हाँस्दै निस्किन्छ घाम
र, मेरो अत्यास मेटाउँछु भन्छ
म टुपुक्क हत्केलामा टिप्छु त्यो बाटुलो घाम
र, काम साँधेर
फुर्लुंग खसालिदिन्छु
समय साट्ने संगीको खोकिलोमा
साँझ पुगेपछि
मेरो सँगीका गोडा झैं थाकेर
डाँडातिर ओरालो सर्छ घाम
अनि मेरो थकानको मैदारो सकिन्छ
संगी आउँछ
टुपुटुपु जूनतारा टिप्छ
रातजस्तो लामो पारेर
र, कामैकामको हार सिउरिदिन्छ
मेरो गलामा
धर्तीको सिरक ओढेर लुक्दै गरेको घाम
घुर्न थाल्छ फट्यांग्राको गीत छोपेर
घाम सुतेपछि
मेरो हातमा काम मात्र बाँकी रहन्छ
यति नै बेला
म एक जोडी काँचा आँखा पुछेर
उडान भर्छु आफ्नै करेसाबारीको
काँचै आँखाभित्र
देश बल्झिन्छ
सिमली छायामा
तर,
मैले दु:ख बेचेर पैसा चिन्नु छ
एउटा सानो घर बनाउनु छ, चलाउनु छ
र, पुग्नु छ
बादलका टुक्राहरू पछ्याउँदै
देउरालीको चौतारी
यता बुझ्नु छ
समय टक्टक्याउँदै
रोबोटले अनुवाद गरेका
कविताका नयाँ हरफहरू
मलाई हम्किरहेको यताको हावा
पुऱ्याउनु छ मेरो गैरीगाउँ
र, सेक्नु छ उनको निधार
खबर गर्नैपर्दैन कसैले
खोकिलामा च्यापिएका अपूरा यादहरूलाई
ब्युँझिरहन्छन् अँधेरी-उजेली
कान्छीको दु:ख
रातभरि पढिरहन्छु
सपनाको अखबारमा
दिनभरि घोकिरहन्छु मेसेन्जरका पर्दाहरूमा
नसुतेको कम्मरमा हात राखेर
सम्झिन्छु बुढा बाको दु:खेको कम्मर
सम्झिँदै-सम्झिँदै बाले तर्ने पसिनाको खोला
च्याप्छु पुन्टेको सपना भरिएको कामको झोला
उसैगरी
यता ग्राहकका जोडी पस्छन्
मेरो साहुको सेभेन-इलेभेनमा
उता कर्के हेर्छन्
मेरो एक्लो माया बसेको मझेरीमा
के गर्नु, पर्दा लगाएको छ समयले
मेरा आँखाभरि
पखेटा काटेको छ मेरो
मैरै घरको धारिलो धुरीले
आखिर,
भुल्नैपर्ने रहेछ पर्दापछाडिका अँधेरीहरू
यसैले,
कहिलेकाहीँ घुम्ने फुर्सद निकाल्छु
कामका खबरहरू कालो चस्माले छेक्छु
हतासोका लहरहरू तस्बिरले छोप्छु
अमेरिका ट्रिब्युन टावर बोकेर
हाम्रै फोटो खिचिरहन्छ बारबार
र,
लुटपुट्याइरहन्छ कामको बडेमाको छातीमा
सुत्दैन ऊ पनि
रात च्यापेर खोकिलाहरूमा
अग्लो बिजनेस टावरबाट हेरिरहन्छ
हाम्रा दु:खहरू
र, बाटैबाटो गुडाइरहन्छ
हाम्रा सुखहरू
अमेरिका मादल रहेछ बजाऊ
ताल तिम्रो आफ्नै
अमेरिका गीत रहेछ गाऊ
स्वर तिम्रो आफ्नै
तर,
भाव घरदेशकै जुटाऊ
भाका घरदेशकै सुनाऊ
किन खुम्चिनु सानो चित्तमा
आऊ,
दौडिरहँदा अमेरिकाको आगनमा
घरदेश नै हँसाऔं यहाँको माटोमा
घरदेश नै बचाऔं यहाँको बाटोमा
आँचल हाम्रै संस्कृतिको समाऔं
गाजल हाम्रै आँखामा जस्तो लगाऔं
र, सम्बन्धको अग्लो अन्नपूर्ण उठाऔं
अमेरिकाको आकाशमा
एउटा भाइ अरबको आकाशमुनि बादल खोजिहेछ
अर्को भाइ अस्ट्रेलियाको आकाशमुनि मादल
बोकिरहेछ त के भो
आऊ यो एउटै आकाशमुनि
एउटै माछापुच्छ्रेको काख सम्झेर
बनाऔं बडेमाको आगन र खेलौं मान्छेमान्छेको
खेल
आऊ तन्काएर नीलो आकाश
गोलो लक्ष्मणरेखा कोरौं सग्लो धर्तीमा
र, बाँधौं सगरमाथाको खम्बामा
अनि निषेध गरिदिऊँ डग्लसका सिकारी उडानहरू
बन्द गरिदिऊँ विखण्डनकारी आँखाका अवतरणहरू
र, बनाऔं सगरमाथालाई जस्तो, एकै सन्देश
र, सजाऔं अमेरिकाहरूलाई जस्तो, घरदेश
र, बाँधौं धर्तीलाई जस्तो, एक देश
र, बालेर चिराग गरौं नयाँ युगको संकेत!

## दुई छोरीकी आमा म

रजनी हुमागाई

भगवान्को आशीर्वादले धेरै कष्टपछि छोरी जन्मिई । जसको आगमनले जिन्दगी रंगीन भयो । आमा बन्न आफूले चाहेर नहुने रहेछ । धेरै उपचार र केही गर्भपातपछि जन्मेकी छोरीका कारण हाम्रो जिन्दगी धेरै रमाइलो भयो । खाली बगैंचामा गुलाफ फुलेजस्तो, कालो तस्बिरमा रङ भरेजस्तो, उराठ मरुभूमिमा झरी परेजस्तै भयो जीवन ।

पहिले नै फ्यालोपियन ट्युबमा बच्चा बसेको हुँदा ट्युब निकाल्न शल्यक्रिया गरेपछि डाक्टरले अब बच्चा हुन गाह्रो पर्ला भन्नुभएको थियो । यो छोरी हाम्रो लागि आशीर्वाद नै हो । संघर्ष चल्दै थियो, दुवैजना जागिरे हामी छोरीलाई बुवाआमाको हातमा छाड्दै आफ्नो कामना जान्थ्यौं । छोरी हुर्किँदै थिई, सबैले हामीलाई अर्को बच्चा जमाउने हैन भन्ने प्रश्न गर्थे, 'दुई सन्तान भए एकार्कालाई साथी'!

भोलि हामी मरेर गए पनि उनीहरू एकार्काका लागि सुखदु:ख साट्ने साथी हुन्छन् भन्नेचाहिँ मनमा लागेको थियो । पहिले नै दुइटा शल्यक्रिया भइसकेको हुँदा अब जोखिम हुन्छ होला भनेर डाक्टरको सल्लाह लिन गयौं । डाक्टरले पनि त्यस्तो जोखिम हुँदैन भन्ने सल्लाह दिनुभयो । एक वर्षजति बच्चा बसेन । त्यसपछि हामीले होस्, अब हामीलाई चाहिँदैन, एउटी छोरी छँदै छ भनी चित्त बुझायौं । छोरी सात वर्षकी भइसक्दा अर्को गर्भ बसेको थाहा भयो । खुसी र डर दुवै थियो मनमा । नसाको समस्या भएर केही औषधिको सेवनमा थिएँ म । यसैबीच, डाक्टरको सल्लाह लिन गयौं । डाक्टर पनि डराउनुभएको थियो, नसासम्बन्धी औषधि सेवन गर्दा बसेको बच्चा भएर केही समस्या देखिने हो कि ! डाक्टरले हामीलाई जोखिम लिने कि नलिने भनी सोध्नुभयो । हामीले 'कन्टिन्यु' नै गर्ने निर्णय गर्यौं ।

पाँच महिनाको 'स्क्यान'मा छोरी नै छ भन्ने थाहा भयो । हामी झन् खुसी भयौं । सबैलाई सुनायौं, 'छोरी छ रे '! अनुहार सबैका उज्याला थिएनन् । तर, हाम्रो खुसीको सीमा थिएन । डाक्टरले हुँदैन भन्दाभन्दै पनि दुइटी हुने भए । योभन्दा बढी जिन्दगीमा के चाहियो र ? अब जिन्दगीमा कुनै कुराको चाहना नभएजस्तो भयो ।

दुइटी छोरी जन्मिए । अझ भनौं, सकुशल जन्मिए । अब उनीहरूलाई राम्रो शिक्षादीक्षा दिन पाए जिन्दगी सफल हुने थियो भन्ने लागेको छ । छोरीहरूलाई दाजुभाइ हुनु र दिदीबहिनी हुनु उस्तै हो भन्ने सिकाएको छु । अनि, भाइ हुनु या बहिनी हुनु एउटै हो भन्दै आएको छु । सानैदेखि रक्षाबन्धन अनि तिहारमा एकार्कालाई राखी बाँध्न, टीका लगाउन सिकाएको छु । भोलिका दिनमा उनीहरू जहाँ भए पनि यी दुई दिन जसरी पनि भेट्न, भेट्न नसके पनि एकार्कालाई उपहार पठाउन सिकाउँदै छु । मैले सिकाउन खोजेको कुरा उनीहरूले नबुझे पनि पछि बुझ्नेछन् जस्तो लाग्छ । प्रश्न मलाई अझै पनि आउँछ, 'अब एउटा छोरा पाउने होइन ? वंश अगाडि कसरी बढ्छ ?'

हामीलाई कहिले पनि छोराको चाह भएन । छोरा नै जन्मिएको भए हामी तिरस्कार गर्थ्यौं भन्न खोजिएको होइन । सन्तान जे जन्मिए पनि हामी दुवैले त्यो हाम्रो वंश, हाम्रो अंश, हाम्रो सर्वस्व नै ठानेका छौं ।हामी २१औं शताब्दीमा आएर पनि अझै 'छोराले मात्र पाल्छ, वंश अघि बढाउँछ' भन्ने सुन्दा मलाई खिन्न लाग्छ । अझ मै हुँ भन्ने, पढेलेखेका भनाउँदाहरूले यसो भनेको सुन्दा अवाक् लाग्छ । म आफैं पनि छोरी हुँ । मेरो बुझाइमा मैले जन्माएको बच्चा छोरा होस् या छोरी उसमा हामी दुवैको रगत हुन्छ र भोलि मेरो बच्चाले जन्माउने बच्चामा पनि मेरो केही अंश हुन्छ । अनि, के त्यो सन्तान हाम्रो वंश होइन त ? यही हाम्रो सरल बुझाइ हो । अनि, यही सरलतामा हाम्रो जीवन बितोस् । यही सहरमा पढेलेखेका भनिएका केही महिलाले नै अझै पनि छोरा नै चाहिन्छ भनेको सुन्दा मन चिसो हुन्छ । कम से कम यिनीहरूले त नछुट्याए हुनेजस्तो महसुस हुन्छ । आफैंले सुनेको छु, 'मेरो छोरा छँदै छ, अर्को किन पाउनु ? छोरी हुनेले पाउने हो ।' यस्तो सुन्दा लाग्छ, छोरा या छोरी कसैको चाहनाले हुने भए हाम्रो समाजमा छोरी नै जन्मिने थिएनन् होला ! उठ छोरी हो, अब सबैलाई देखाओ । छोरामानिसले गर्ने हरेक काम गरेर देखाओ । बुवाआमाको सेवादेखि दागबत्ती र क्रियाकर्म सबै गर । कुनै काममा पछि नहट । अनि मात्र यो समाजले स्वीकार्नेछ । यति नगरसम्म जति छोरी गर्भमा आउँछन्, त्यहीं मारिनेछन् । नवरात्रमा हरेक दिन दुर्गामाताको अवतारलाई अनि दीपावलीमा लक्ष्मीलाई पूजा गर्ने हामीले महिलाको अस्तित्वलाई कहिले स्वीकार्ने ? यसो हेर्दा र सुन्दा अवस्था सहरमा नै दयनीय छ । समानताका कुरा गर्ने हामी अझै पनि सहरभित्र नै समान रूपले महिलालाई हेर्दैनौं । सहरमै अझै पनि छोरा र छोरीमा भेदभाव छ । अझै पनि थुप्रै छोरीहरू जन्मिन नपाई कोखमै मारिन्छन्, यही सहरमा । अझ धेरै लड्नु छ, धेरै संघर्ष गर्नु छ समानताका लागि । अनि, लडेरै पार गर्नु छ विभेदको यो महासागर । म देशको राजधानीमा समानताको लडाइँ लड्दै गरेकी महिलाले त छोरा चाहिन्छ भन्ने बारम्बार सुन्नुपर्छ भने सोचौं, दुर्गमको अवस्था कस्तो होला ?

कामको सिलसिलामा म धेरै जिल्ला पुगेकी छु । त्यहाँको रहनसहन र महिलाको अवस्था हेर्दा लाग्छ, देशमा अझै पनि महिला स्वास्थ्य, महिला शिक्षा र महिला उत्थानमा धेरै लगानी र समय खर्चिनुपर्छ । समानताका आँखाले महिलालाई हेर्न अझै दशकौं लाग्ने देखिन्छ । अझ भनौं, समानता बुझ्नै दशकौं लाग्छ । छोराछोरी बराबर हुनु मात्र समानता होइन, समानता हाम्रो सोच हो । यो सोच, दृष्टिकोणमा परिवर्तन नआईकन समानताको लडाइँ अपुरो हुन्छ ।

# दर्शकका लागि यो साता पनि 'पशुपति प्रसाद २: भस्मे डन' र 'परदेशी २'





पछिल्लो समय रिलिज भएका दुई फिल्म 'पशुपति प्रसाद २: भस्मे डन' र 'परदेशी २' ले राम्रो दर्शक पाउन सफल भएको छ । दसैंको अवसर पारेर रिलिज भएका यी दुवै फिल्मले राम्रो व्यवसाय गरेको हो ।

शुक्रबार फ्राइडे रिलिजअन्तर्गत् कुनैपनि फिल्म रिलिज नहुँदा फेरि पनि हलमा यी दुवै फिल्मले प्राथमिकतामा पाएको छ । हलबाट यो सातामा पनि दर्शकले 'पशुपति प्रसाद २: भस्मे डन' र 'परदेशी २' हेर्न पाउनेछन् ।

यो साता पनि प्राथमिकतामा परेको 'परदेशी २' शुक्रबारबाट प्रदर्शनको चौथो हप्तामा प्रवेश गरेको छ भने 'पशुपति प्रसाद २: भस्मे डन' तेस्रो सातामा । यो साता पनि दुवै फिल्मले राम्रो व्यवसाय गर्ने अपेक्षा निर्माण पक्षको छ ।

'परदेशी २' नारायण रायमाझी निर्देशित फिल्म हो । प्रकाश सपूत, केकी अधिकारी, वर्षा शिवाकोटी, प्रशान्त तामाङ लगायतको अभिनय रहेको फिल्म राजेश वंशल र निर्देशक रायमाझीले मिलेर निर्माण गरेका हुन् । फिल्मले विदेशप्रति रहेको युवा पुस्ताको मोहलाई कथा बनाएको छ ।

'पशुपति प्रसाद २: भस्मे डन' दीपेन्द्र के खनाल निर्देशित फिल्म हो । खगेन्द्र लामिछानेको लेखन रहेको फिल्ममा विपिन कार्की, स्वस्तिमा खड्का, सौगात मल्ल, रविन्द्रसिंह बानियाँ, माओत्से गुरुङ, प्रकाश घिमिरे, लोकेन्द्र लेखक, मिस्श्री थापा, सजन थापा मगर, विभु पौडेल, प्रकाश दाहाललगायत कलाकारको अभिनय छ ।

## 'बोर्डले फिल्म होइन, फिल्ममैत्री नीति बनाओस्'

काठमाडौं/ शाही नेपाल चलचित्र संस्थानको झल्को दिंदै चलचित्र विकास बोर्ड पनि फिल्म निर्माणमा अग्रसर भएको छ । यसका लागि ७५ लाख रुपैयाँ बजेटको कार्यक्रमलाई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले स्वीकृत गरिसकेको छ ।

सबै कुरा ठीकठाक भए, निकट भविष्यमै बोर्डको परिचय अब फिल्म निर्माताको रुपमा पनि दरिनेछ । बोर्डले फिल्म बनाउने खबर सार्वजनिक भएपछि यसबारे मिश्रित प्रतिक्रिया सार्वजनिक भइरहेका छन् ।

फिल्मका जानकार यसबारे आ-आफ्नै किसिमले धारणा राखिर हेका छन् । अभिनेता कृष्ण मल्लले यो सीधै बोर्डको नियम र सिद्धान्तविपरित भएको बताएका छन् ।

'हो तपाईंहरुले राम्रा चलचित्रमा अनुदान दिन सक्नुहुन्छ । तर, आफैं निर्माता बन्ने काम गलत हो,' मल्ल लेख्छन्, 'उहाँहरुलाई अनि मन्त्रीजीलाई सम्झाई दिनुपर्‍यो । कसैले कि बोर्ड नियामक संस्था हो, निर्माण संस्था होइन, त्यसका लागि निर्माण बोर्ड खडा गर्न सकिएला, भोलि सेन्सर बोर्डले पनि चलचित्र बनाउने भन्ला, विज्ञापन बोर्डले विज्ञापन बनाउँछु भन्ला । नागरिक उड्डयन मन्त्रालयले एयर लाइन्स चलाउँछु भन्ला ।'

# माथिल्लो अरुण निर्माण अगाडि बढाउन उच्चस्तरीय प्रतिबद्धता

साझाकुरा संवाददाता

काठमाडौं, १७ कात्तिक/ संखुवासभाको भोटखोला गाउँपालिकामा निर्माण हुने १ हजार ६१ मेगावाटको माथिल्लो अरुण अर्धजलाशययुक्त जलविद्युत् आयोजनाको निर्माण अगाडि बढाउन उच्चतहको प्रतिबद्धता जनाइएको छ ।

अर्थमन्त्री डा. प्रकाशशरण महत, ऊर्जा जलस्रोत तथा सिंचाइमन्त्री शक्तिबहादुर बस्नेत, संखुवासभाका संघीय सांसद् दिपक कार्की, ऊर्जा सचिव दिनेशकुमार घिमिरे, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र आयोजनामा लगानीका लागि अन्तर्राष्ट्रिय संस्थाको सहवित्तीयकरणको नेतृत्व गरिरहेको विश्व बैंककी प्रबन्ध-निर्देशक आना वियर्डे, एसियाली विकास बैंक (एडीबी)का महानिर्देशक रमेश सुब्रमण्यमसहितको टोलीले शुक्रबार आयोजनास्थलको निरीक्षण भ्रमण गरेको छ ।



भोटखोला गाउँपालिका-४ छोग्राङमा आयोजना गरिएको कार्यक्रममा अर्थमन्त्री महतले माथिल्लो अरुण जलविद्युत् आयोजना देखिने गरी कार्यान्वयनको चरणमा पुग्न लागेको जानकारी दिए ।

स्रोतको सीमितता भए पनि माथिल्लो अरुणलाई कार्यान्वयनको चरणमा लैजान राम्रो बजेट विनियोजन गरिएको उनले बताए । उनले स्रोतको अभावमा आयोजना अगाडि बढाउन नसक्ने अवस्था आउन नदिने प्रतिबद्धता जनाए । लगानीका लागि स्थानीयले चाहिए जति शेयर पाउने बताउँदै पूर्वऊर्जा मन्त्रीसमेत रहेका महतले देशका लागि अत्यन्त महत्वपूर्ण आयोजना अब लगानी जुटाउने तहमा पुगेको उल्लेख गरे ।

'आयोजनामा लगानीका लागि विश्व बैंकले विशेष चासो देखाएको छ, उसले नै विभिन्न अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुलाई सहभागी गराएर लगानी जुटाउन खोजिरहेको छ,' महतले भने, विश्व बैंकको वार्षिक बैठक र द्विपक्षीय छलफलका क्रममा आयोजनालाई लगानीयोग्य बनाउन अनुदानसहित सहुलितपूर्ण ऋणमा जोड दिएका छौं, जतिसक्दो छिट्टो लगानी जुटाएर निर्माण अगाडि बढाउन सकारको सम्पूर्ण सहयोग रहने छ ।'

ऊर्जा जलस्रोत तथा सिंचाइमन्त्री बस्नेतले जलस्रोतलाई समृद्धिको रुपमा उपभोग गर्न अहिले बलियो आधार र समय आएको उल्लेख गर्दै माथिल्लो अरुणजस्ता आयोजना तत्काल अगाडि बढाउन सरकार तत्पर र प्रतिबद्ध रहेको बताए ।

'प्रवेश सडक निर्माणमा रुख कटानको समस्या रहेको जानकारी आएको छ, अदालतको आदेशअनुसार मन्त्रि परिषद्रुबाट कार्यविधि बनाएर रुख कटाउनको समस्या छिट्टै समाधान गर्दैछौं', मन्त्री बस्नेतले भने, 'स्थानीयलाई आयोजनाको हिस्सेदार बनाउने मोडालिटीमा तत्काल अगाडि बढाउँछौं ।'

विश्व बैंककी प्रबन्ध-निर्देशक वियर्डेले नेपाल आएदेखि माथिल्लो अरुणका विषयमा छलफल भइरहेकाले उत्पादित विद्युत् देशभित्र खपत र निर्यातका लागि महत्वपूर्ण रहेको बताइन् ।

आयोजना अगाडि बढाउन स्थानीयलगायत सबै पक्ष आतुर रहेको आफूले पाएको उल्लेख गर्दै उनले सबै पक्षलाई फाइदा हुने गरी आयोजनामा लगानी गर्न बैंक तयार रहेको बताइन् ।

निर्माण अवधिको ब्याज, मूल्य वृद्धिलगायतसहित १ अर्ब ७५ करोड अमेरिकी डलर (करिब २ खर्ब १४ अर्ब) अनुमानित लागत रहेको माथिल्लो अरुणमा ७० प्रतिशत ऋण र ३० प्रतिशत स्वपूँजी (इक्विटी)बाट जुटाइने छ ।

प्राधिकरणको अगुवाइमा निर्माण हुने आयोजनालाई 'ब्लेन्डेड फाइनान्सिङ्ग (मिश्रित लगानी)को नमूना परियोजनाको रुपमा अगाडि बढाउने तयारी गरिएको छ । यसका लागि आयोजनामा नेपाल सरकार, प्रदेश सरकार, आयोजना प्रभावित जिल्लाका स्थानीय तह, आयोजना प्रभावित जिल्लाबासी, देशभरका सर्वसाधारणको सेयर लगानी, अन्तर्राष्ट्रिय बहुपक्षीय विकास साझेदारको सहुलितपूर्ण ऋण र स्वदेशी बैंक तथा वित्तीय संस्थाको ऋण लगानी रहने छ ।

विश्व बैंकको नेतृत्वको सहवित्तीयकरणमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट ७५ करोड डलर सहुलितपूर्ण ऋण जुटाइने छ । यसमध्ये विश्व बैंकले ५० करोड डलर सहुलितपूर्ण ऋण प्रवाह गर्ने छ ।

४० करोड डलर स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट जुटाएर वित्तीय व्यवस्थापन गरिने योजना बनाइएको छ । यसका लागि हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एन्ड डेभलप्मेन्ट कम्पनी ( एचआईडीसीएल)को नेतृत्वमा स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट सहवित्तीयकरणमार्फत् लगानी जुटाउन समझदारीपत्र (एमओयू) भइसकेको छ ।

करिब ६४ अर्ब रुपैयाँ इक्विटीमध्ये ५१ प्रतिशत आयोजनाको प्रवर्द्धक अपर अरुण हाइड्रो इलेक्ट्रिक कम्पनीका संस्थापक सेयरबाट र ४९ प्रतिशत सर्वसाधारण सेयरबाट संकलन गरिने छ । जनताको जलविद्युत् कार्यक्रममा समावेश माथिल्लो अरुणमा प्रदेश सरकार, आयोजना रहेको जिल्ला संखुवासभाका स्थानीय तह, नेपाल विद्युत् प्राधिकरणलगायतका संस्थापक सेयर रहने छ । आयोजना प्रभावित बासिन्दा, देशभरका सर्वसाधारण लगायतको ४९ प्रतिशत साधारण सेयर रहने छ । करिब ३२ अर्ब रुपैयाँ सर्वसाधारण सेयर निष्कासन गरी संकलन गरिने छ ।

सन् २०२४ को जुनभित्र आयोजनाको वित्तीय व्यवस्थापन र सन् २०२५ को मध्यबाट निर्माण सुरु गर्ने लक्ष्यका साथ काम भइरहेको छ । आयोजनाको निर्माण सन् २०३१ भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

आयोजनाको सम्भाव्यता अध्ययन सम्पन्न भई टेन्डर डिजाइन तथा निर्माण सुपरिवेक्षणका लागि परामर्शदाता छनौट भइसकेको छ । आयोजनाको पूर्व तयारीमध्ये २ किलोमिटर सुरुङ मार्गसहित करिब २१ किलोमिटर प्रवेश सडक निर्माण सुरु भएको छ ।

आयोजनालाई आवश्यक पर्ने २ हजार २५ हेक्टर निजी जग्गा अधिग्रहणका लागि मुआब्जा निर्धारण भइसकेको छ । आयोजनाबाट करिब २२ घरधुरी भौतिकरुपमा विस्थापित हुने छन् । आयोजनाको निर्माणबाट वातावरणीय तथा सामाजिक प्रभावहरु तुलनात्मक रुपमा न्यून रहने अध्ययनले देखाएको छ ।

आयोजनालाई विद्युत् बढी माग हुने हिउँदका ६ महिनामा दैनिक ६ घण्टा पूर्ण क्षमतामा चलाउने गरी डिजाइन गरिएको छ । आयोजनाबाट वार्षिक ४ अर्ब ५१ करोड युनिट ऊर्जा उत्पादन हुने छ । यसमध्ये करिब ३० प्रतिशत ऊर्जा हिउँदमा उत्पादन हुने छ । उत्पादित विद्युतलाई करिब ६ किलोमिटर ४०० केभीको प्रसारणलाइनमार्फत् संखुवासभाको हाइटारमा प्रस्तावित सबस्टेसनमार्फत् राष्ट्रिय प्रणालीमा प्रवाह गरिनेछ ।

प्राधिकरणले माथिल्लो अरुणकै अंग रहने गरी ३० मेगावाटको इखुवा जलविद्युत् आयोजना अगाडि बढाएको छ । इखुवा पनि जनता जलविद्युत् कार्यक्रममा समावेश भएको आयोजना हो ।

# लुम्बिनीबाट सगरमाथा आधार शिविर लगियो शान्ति दीप

लुम्बिनी/ हिमाली क्षेत्रमा परेको जलवायु परिवर्तको असर र विश्व शान्तिका लागि विश्वको ध्यान केन्द्रित गर्न बुद्ध जन्मस्थल लुम्बिनीबाट सगरमाथाको आधार शिविरतर्फ शान्ति दीप लगिएको छ । नेपाल पर्वतारोहण सैले विश्व शान्तिको कामनासहित जलवायु परिवर्तनको असरबारे विश्वको ध्यान केन्द्रित गर्न लुम्बिनीबाट शान्ति दीप सगरमाथाको आधार शिविर कालापत्थरतर्फ हिँडाएको हो ।



लुम्बिनी विकास कोषका उपाध्यक्ष डा.ल्हारक्याल लामा (खेन्पो छिमे) ले शुक्रबार लुम्बिनीस्थित शान्ति दीपमा प्रज्जवलन गरेको दीप सगरमाथाको आधार शिविरतर्फ प्रस्थान गर्न दीप हस्तान्तरण गरेका हुन् । उपाध्यक्ष डा. लामाले पूजा गरेको शान्ति दीप कार्यक्रम संयोजक, विश्व कीर्तिमानी आरोही काजी शेर्पा (स्पीड), नेपाल पर्वतारोहण संघका पूर्वसचिव एवं केन्द्रीय कार्यसमिति सदस्य दिवस पोखेल र सगरमाथा आरोही संघका महासचिव शिवबहादुर सापकोटालाई संयुक्तरुपमा हस्तान्तरण गरे ।

उपाध्यक्ष डा. लामाले विश्व शान्ति र जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि लुम्बिनीबाट दीप प्रज्वलन गरेर सगरमाथाको आधार शिविर पुऱ्याउँदा विश्वभरिनै सन्देश प्रवाह हुने बताए । उनले विश्व मानव जगतमा जलवायु परिवर्तनको असरसंगै द्वन्द्व पनि बढिरहेको अवस्थामा शान्ति भूमि लुम्बिनीबाट विश्वको सर्वोच्च शिखरमा दीप लैजाने कार्य गैरबको विषय भएको बताए । शान्ति दीपमा प्रज्ज्वलन गरिएको उक्त दीपलाई लामा गुरुहरुबाट स्वस्ति शान्ति गरी मायादेवी मन्दिर परिक्रमा गराइएको थियो ।

लुम्बिनीबाट लगिने उक्त दीप कात्तिक १९ गते साँझसम्ममा काठमाडौँहुँदै सगरमाथा आधार शिविर कालापत्थर पुऱ्याइने नेपाल पर्वतारोहण संघले जनाएको छ । नेपालको राष्ट्रिय झण्डा फहराउने र बौद्धबाट ल्याइएको दीपसमेत उक्त स्थानमा प्रज्ज्वलन गरिनेछ । कात्तिक २५ दिन एक समारोहका बीच कालापत्थरमा सम्पन्न हुन गइरहेको कार्यक्रमबाट विश्वको ध्यान केन्द्रित हुने संघका पूर्वसचिव एवम् केन्द्रीय कार्यसमिति सदस्य दिवस पोखेलले बताए ।

संयुक्त राष्ट्र सैका महासचिव एन्टोनियो गुटेरेसले नेपालको हिमाल र हिमाली क्षेत्रमा परेको असरबारे राष्ट्र संघको आगामी बैठकमा छलफल गरी कार्बन उत्पन्न गर्ने धनी राष्ट्रहरूले क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने आवाज उठाउने प्रतिबद्धता व्यक्त गरेकाले कालापत्थरमा सम्पन्न हुने कार्यक्रम फलदायी हुने पोखरेलले बताए ।

## क्रिकेटको डेढ करोड नगद पुरस्कार निकासा

काठमाडौं/ विभिन्न समयमा भएका क्रिकेट प्रतियोगिताको पूर्वघोषित नगद पुरस्कार अर्थ मन्त्रालयले निकासा गरेको छ ।

तीन प्रतियोगिताको पूर्व घोषित एककरोड ५७ लाख ५० हजार नगद पुरस्कार निकासा भएको राष्ट्रिय खेलकुद परिषदका सदस्य-सचिव टंकलाल घिसिङले जानकारी दिए ।

गत वैशाख ५ देखि १८ गतेसम्म भएको एसीसी पुरूष प्रिमियर कपका लागि ७९ लाख, २०७९ फागुन १२ देखि १८ गतेसम्म भएको आइसिसी यु-१९ पुरूष सिडब्लुसी-एसिया क्वालिफायरका लागि ४६ लाख र आइसिसी सिडब्लुसी लिग-२ का लागि ३२ लाख ५० हजार रूपैयाँ नगद पुरस्कार निकासा भएको हो । सदस्य-सचिव घिसिङले पुरस्कार पाउने खेलाडी लगायतलाई बधाइ दिँदै पुरस्कारका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र युवा तथा खेलकुद मन्त्री डिगबहादुर लिम्बूलाई धन्यवाद दिए ।

साथै शुक्रबार मूलपानीमा भएको ट्वान्टी-२० विश्वकप छनोट एसिया क्षेत्रको सेमिफाइनलमा युएइलाई ८ विकेटले हराउँदै अर्को वर्ष अमेरिका र वेस्ट इन्डिजमा हुने विश्वकपका लागि स्थान सुरक्षित गर्न सफल नेपाली टोलीलाई उनले बधाइ दिँदै फाइनलमा सफलताका लागि शुभकामना दिए ।

# संसद्लाई फलदायी बनाउन सरकार गम्भीर देखिएन: *अध्यक्ष तिमिल्सिना*

काठमाडौं, १७ कात्तिक/ राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले सरकारका कारण संसद्को वर्षे अधिवेशन उपलब्धिमूलक नभएको बताएका छन् ।



सरकारले अघिल्लो अधिवेशनमा पेश गरिएको अतिआवश्यक विधेयकसमेत वर्षे अधिवेशनमा नल्याउँदा संसद्को यो अधिवेशन फलदायी हुन नसकेको उनको भनाइ थियो । सञ्चारकर्मीसँग संक्षिप्त प्रतिक्रिया दिँदै अध्यक्ष तिमिल्सिनाले सरकारका मन्त्रीहरुले आफैँले प्रस्तुत गरेको विधेयकसमेत अपवादबाहेक चासोसमेत नलिएको गुनासो समेत गरे ।

उनले भने, 'सरकारले जति धेरै विधेयक लिएर आयो, त्यति व्यस्त हुने हो । त्यो हिसावले सरकारले धेरै विधेयकहरु ल्याउन सकेन । एकदमै अति जरुरी, ल्याउनुपर्ने अहिले यो वर्षे अधिवेशनमा होइन, यो भन्दा अगाडिको हिउँदे अधिवेशन, जसलाई विधेयक अधिवेशनकै रुपमा बुझ्ने गरिन्छ । त्यतिबेला ल्याउनुपर्ने, त्यतिबेलै पास गर्नुपर्ने, त्यतिबेलै ल्याउछौं भनेर प्रधानमन्त्रीले, मन्त्रीले बोल्नु भएको पनि यो अधिवेशनका ती विधेयकहरु आएनन् । यस हिसाबले स्वभाविक रुपमा जति हुनुपर्थ्यो त्यो भएन, प्रभावकारी यस कारण भएनन् । ती विधेयकहरु आएर पास हुनुपर्थ्यो भन्ने कुरा स्वभाविकै रुपमा रह्यो ।'

संक्रमणकालीन न्यायसँग सम्बन्धित विधेयक, संघीय निजामती सेवा जस्ता अतिआवश्यक विधेयकसमेत सरकारले संसद्मा नल्याएको उनले स्मरण गराए । अध्यक्ष तिमिल्सिनाले राष्ट्रिय सभाका विधायन व्यवस्थापन समितिले सरकारलाई विधेयकहरु ल्याउनका लागि ध्यानाकर्षण गराए पनि सुनुवाई नभएको बताए ।

'हामीले कतिपय समयमा बिजनेस नभएर हाउसलाई सूचनाको आधारमा बैठकहरु सार्नुपर्‍यो । मैले नै कति पटक सूचना जारी गरेर बैठक सार्नुपर्‍यो । त्यो कारण भनेको अपवाद बाहेक कुनै त्यस्तै परेको बाहेक अरु विजनेस नभएरै हो । मत चाहन्छे दिनदिनै नभए दिन बिराएर नियमित ढंगले संसद्को बैठक चलाऊ । तर, मैले चाहेर बैठक बैठकमा लागि चल्ने होइन । त्यसले त काम गर्नुपर्‍यो नि ।' उनले भने ।

सरकारले विधेयकहरु ल्याउन नसकेका कारण संसद् प्रभावकारी हुन नसकेको उनको दाबी थियो । अध्यक्ष तिमिल्सिनाले सरकारले विजनेश नदिए पछिआफूले पटकपटक राष्ट्रिय सभाको बैठक सूचना टाँस गरेर स्थगित गर्नुपरेको बताए ।

उनले भने, 'विशेष गरेर राजनीतिक दलहरु, सरकारमा संलग्न दलहरु, नेता सबैसँग जोडिएको, देशको शान्ति प्रक्रियासँग जोडिएको । त्यही विधेयक पनि आएन । प्रतिनिधिसभामा आएको छ । तर, त्यहाँबाट पास भएन । तर, ल्याउनैपर्ने निजामती सेवा विधेयक, त्यो विधेयक अहिलेसम्म कुनैपनि सदनमा प्रवेशनै गरेको छैन । टीआरसी त प्रवेश गरेर प्रक्रिया छ भन्न सकिएला । शिक्षा विधेयक पास भयो भनेर पनि गएर त्यत्तिकै राकिराखेको छ ।'

अध्यक्ष तिमिल्सिनाले सरकारले गैरसरकारी विधेयकलाई संसद्मा प्रोत्साहित गर्न नचाहेको बताए । गैरसरकार विधेयक सरकारकै अंग बन्ने भएपनि त्यसलाई संसद्बाट पास गराउन अनिच्छुक देखिएको बताए ।

# कोशीमा विपक्षमा धकेलिने भयो एमाले !

साझाकुरा संवाददाता

काठमाडौं/ कात्तिक १ गते बुधबार कोशी प्रदेश सभाबाट भारी बहुमतसहित विश्वासको मत पाएपछि मुख्यमन्त्री केदार कार्की हर्षित थिए । प्रदेश सभाबाट बाहिर निस्कँदै गर्दा उनी सबैको बधाई थापिरहेका थिए ।

त्यसबेला आफूलाई मुख्यमन्त्री बन्न सघाउने एमालेका सांसद्हरूप्रति कार्की बढी नै कृतज्ञ देखिन्थे । एमालेका हरेक सांसद्लाई उनी दश औंला जोडेर धन्यवाद ज्ञापन गरिरहेका थिए । त्यही क्रममा मुख्यमन्त्री कार्की एमाले सांसद् सिर्जना राई नजिकै पुगे ।

पहिले दलको सचेतक रहेकी उनी हिक्मत कार्की सरकारमा १२ दिन राज्यमन्त्री बनेकी थिइन् । मुख्यमन्त्री कार्कीलाई उनले त्यहीं भनिन्, 'तपाईं चाहिँ प्रचण्डजस्तो नहुनु नि फेरि ।'

जवाफमा मुख्यमन्त्री कार्कीले हाँस्दै 'यहाँ त्यस्तो हुँदैन' भनेका थिए । प्रधानमन्त्री बन्ने बेलामा एमालेको साथ लिएका माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रपति चुनावसम्म पुग्दा एमालेसँगको सहकार्य तोडेर चुनावी गठबन्धनमै फर्केका थिए । उनको त्यो कदमले एमालेलाई संघदेखि प्रदेशहरूसम्मै विपक्षमा पुऱ्याएको थियो ।

यसपटक प्रदेशमा पनि कांग्रेसबाट विद्रोह गरेका केदार कार्कीलाई एमालेले मुख्यमन्त्री बन्न काँध हालेको थियो । असोज २७ मा गठबन्धनको निर्णयलाई चुनौती दिएर कार्की मुख्यमन्त्री बनेपछि उनको दल कांग्रेसहितका गठबन्धनका दलहरूले उनलाई मुख्यमन्त्री स्वीकार्दै विश्वासको मत दिने बताएका थिए । जसरी दलहरूले त्यस्तो तयारी गरे, एमाले संशकित बन्यो । विश्वासको मत दिने दिनसम्म आइपुग्दा एमालेलाई झस्काउने गरी राप्रपाबाहेक अरू सबै दलले कार्कीलाई मत दिए । त्यही शंकाकै कारण एमाले सांसद् राईले 'प्रचण्ड जस्तो नहुनु' भनेर मुख्यमन्त्री कार्कीलाई सजग गराएकी थिइन् ।

सांसद् राईले त्यसो भनेको ठ्याक्कै १७ दिनपछि शुक्रबार मुख्यमन्त्री कार्कीले गठबन्धन दलका दुई जनालाई मन्त्रिपरिषद्मा सामेल गराएका छन् । त्यो पनि आफूलाई मुख्यमन्त्री बनाउने दल एमालेको सहमति बेगरै । त्यसपछि कोशिमा एमाले विपक्षमा धकेलिने संकेत देखिएको हो ।

**मोटरसाइकल हरायो**

निम्न व्यहोराको मोटरसाइकल २०८०/५/१३ गते हेटौंडा-१ स्थित हेटौंडा अस्पताल कम्पाउण्डभित्र पार्किङ्ग गरिरहेको अवस्थाबाट साँझ ४:०० बजेदेखि ८:३० बजेको बिचमा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** बा. प्र-०३-००५ प ५२२०
**मोटरसाइकल धनीको नाम:** राज थिङ, मनहरी-७, मकवानपुर
**मोटसाइकलको ब्राण्ड (नाम):** पल्सर, २२० सीसी
**मोटरसाइकलको रंग:** कालो रातो
**चेचिस नम्बर:** MD2A13EX1NCK81802
**इन्जिन नम्बर:** DKXCNK36109
**सम्पर्क फोन नम्बर:** ९८०२९८२४६०

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# सयपत्री फूल बेचेरै २० लाख कमाउने लक्ष्य

साझाकुरा संवाददाता

धनुषा, १७ कात्तिक/ लहरै रोपिएका सयपत्री फूलका बिरुवा । ती मध्ये कुनै हाँगामा फूलका कोपिला झपक्क छन्, कुनै हलल बढेर ढल्न आँटेका । यही बिरुवाको स्याहारमा जुटेका छन् किसान रामप्रवोध पण्डित ।

धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-४ हरैयाका उनले व्यावसायिक सयपत्री फूलखेती सुरु गरेको लामो समय भएको छैन । उनको फूलबारीमा पुग्दा जोसुकैको मन आनन्दित हुन्छ । तिहार लक्षित गरेर रोपिएका सयपत्री सबैको ध्यान तान्ने भएका छन् ।

उनले चार वर्षअघि कोरोनाका कारण लकडाउन सुरु हुँदा कामविहीन भएपछि क्षीरेश्वर नाथ नगरपालिकामा 'श्री सुबधिमाई फूल भण्डार तथा उत्पादन शाखा' सञ्चालन गरेर व्यावसायिक फूलखेती सुरुवात गरे । क्षीरेश्वर नाथ -४ हरैयामा १० कठ्ठा जमिन भाडामा लिएर उनले व्यावसायिक फूलखेती सुरु गरेका हुन् । सुरुमा फूलखेतीसम्बन्धी अनुभव नहुँदा र लगातार दुई वर्षको लकडाउनमा खासै आम्दानी गर्न नसके पनि घाटा पनि नभएको उनले बताए ।

उनले गत वर्ष तिहारका समयमा फूलमात्रै १० लाख रुपियाँको बिक्री गरेको र यसबाट खर्च, मेहनत, ज्याला मजदुरी सबै कटाएर करिब ६ लाख रुपियाँजति बचत भएको जानकारी दिए । यसपटक एकै याममा १५ देखि २० लाख रुपियाँ आम्दानी गर्ने लक्ष्य रहेको उनको भनाइ छ ।

गत वर्ष कममा पाँच जातको सयपत्री फूलखेती गर्नुभएकामा यसपालि मेग्रा, चिनाचेरी, कर्मा त्रिपल फाइभ ओरेन्ज, सेतो हजारी, कलकत्ते ओरेन्जलगायत जातका सयपत्रीका बिरुवा रोपिएका छन् । युवाहरू वैदेशिक रोजगारीका लागि बाहिर जानु नपर्ने र स्वदेशमै कृषिबाट मनग्य आम्दानी गर्न सकिने रामप्रवोधकी श्रीमती फूलो देवीको भनाइ छ । फूल उत्पादनका लागि



यहाँको माटो उपयुक्त रहेको उनको भनाइ छ । यहाँ उत्पादित फूल विदेश निर्यात गरेर पनि आम्दानी गर्न सक्ने सम्भावना छ ।

अहिले आफू श्रीमती र दुई बुहारीसहित यही फूलखेतीमा लागिरहेको जनाउँदै फूलो देवीले भनिन्, 'जग्गा बाँझो छाडेर विदेश जानुभन्दा स्वदेशमै बसेर यस्तै फूलखेती गर्न सके आयआर्जनको बलियो आधार हुने अवस्था छ ।'

रामप्रवोधले यसपालि फूलखेतीको क्षेत्र विस्तार गरेर एक बिघा पुऱ्याएको हुँदा उपभोक्ताले केही सस्तो मूल्यमा फूल किन्न पाउने धारणा व्यक्त गरे ।

फूलमा क्षीरेश्वरनाथ नगरपालिका र आपपासका गाउँ नगरलाई आत्मनिर्भर गराउने उद्देश्यले फूलखेतीको क्षेत्र विस्तार योजना रहेको रामप्रवोधले बताए । 'फूलखेतीबाट हुने आम्दानी राम्रो छ, सिजनमा लाखौं रुपैयाँको फूल बिक्री भइरहेको छ', उनले भने । फूलखेतीबाट आम्दानी राम्रो हुन थालेपछि काम खोज्दै विदेश पनि जान नपरेको उनको भनाइ छ ।

रामप्रवोधले स्थानीय एभरेष्ट पेपर मिल्सको जागिर छाडेर फूलखेतीमा लागेका हुन् । मासिक २५ हजार रुपियाँको जागिर छाडेर पुष्प व्यवसायमा लागेको उनी फूलखेतीबाटै मासिक एक लाख रुपियाँ बढी कमाउने बताउँछन् ।

पण्डित परिवारलाई घाम उदाएदेखि अस्ताएसम्म फूलबारीमा काम गर्न भ्याइनभ्याइ हुन्छ । फूलो देवी भन्छिन्, 'फूलको हेरचाहमै दिन बित्छ, बिहान उठेदेखि नै फूलमा पानी हाल्यो, गोडमेल गर्यो समय बितेको पत्तै हुँदैन ।'

**फूलले बजार पाउँदा हर्षित**

आफ्नो खेतमा उत्पादन भएको फूलले बजार पाउँदा उहाँहरू निकै खुशी छन् । फूल राम्रो देखेर जिल्लामा आयोजना हुने जुनसुकै कार्यक्रममा पनि फूलका लागि निरन्तर फोन आउँदा उनीहरुलाई हौसला बढाएको छ ।

'यसरी आएको फोन र फूलले बजार पाउँदा पुष्प व्यवसायमा लाग्न अझ उत्साहित बनाएको छ ।' 'सार्वजनिक कार्यक्रममा खादाभन्दा मालाको माग बढ्दो छ', रामप्रवोधलले भने, 'उत्पादनले बजार नपाउने चिन्ता छैन, मागअनुसार पुऱ्याउनै सकेको छैन ।'

सपरिवारलाई यतिबेला फूल टिप्न र बेच्न भ्याइनभ्याइ छ । व्यावसायिकरूपमा सयपत्री फूलखेती गरेका उनलाई तिहारमा फूल टिप्ने र बेच्ने चटारो भएको हो । सयपत्री फूलको माग अत्यधिक भएकाले फूलले यहाँको माग पुऱ्याउन सकिएको छैन ।

कृत्रिम फूल प्रयोगकर्ता घटेपछि प्राकृतिक फूलमा आकर्षण बढ्दा जिल्लामा सयपत्री फूलको माग बढी भएको क्षीरेश्वरनाथ नगरपालिकाका कृषि अधिकृत गंगा यादवले बताए ।

प्रतिमाला २५ देखि ३० रुपियाँमा बिक्री हुने गरेकामा तिहारको अवधिभर २५ हजार माला बिक्री हुने रामप्रवोध दम्पतीको विश्वास छ । जसबाट सात लाख रुपियाँभन्दा माथि आम्दानी हुने बताए ।

रामप्रवोध भन्छन्, 'फूलसँग रमाउने मेरो रुचि हो । सानैदेखि फूलप्रति मेरो मोह छ । मेरो घरवरपर बिरुवाले भरिभराउ हुन्थ्यो, तर, यो नै मेरो पेसा बन्ने छ भन्ने सोचेको थिइनँ ।'

**फूलको माग पुऱ्याउन धौधौ**

पुष्प खेतीबाट पर्याप्त आम्दानी हुँदैन, बजार छैन भन्नेका लागि रामप्रवोध पण्डित एक उदाहरण बनेका छन् ।

'फूलखेतीबाट आफ्नो परिवार चलाउन मलाई दु:ख छैन, १० हजार मालामात्र बेचे मुनाफा दुई लाख रुपियाँ हुन्छ । एक बिघामा फूल रोप्दा पनि जिल्लाभन्दा बाहिर माग पुऱ्याउन सकेको छैन, बजार छैन भन्न मिल्दैन', उनले भने ।

बजारमा मालाको अभाव देखिनु कृषकले व्यावसायिकरूपमा पुष्पखेती नगर्नुको उपज भएको रामप्रवोधलको भनाइ छ । फूल खरिदमा करोडौं रकम भारत जानु र यहाँ बजार नदेख्नु हाँस्यास्पद कुराबाहेक केही नभएको उनको भनाइ छ ।

'कहिलेकाहीँ काम धेरै भएका बेला ज्यालामा पनि खेतला लगाउने गरेको छु, एक्लै भएपनि काम गर्न आनन्द लाग्छ, ढकमक्क फुलेका फूलको सुगन्धले एक्लोपनको आभास नै गराउँदैन', उनले भने ।

रामप्रवोधले विवाह, पूजा, विभिन्न सैसंस्थाको औपचारिक तथा अनौपचारिक कार्यक्रममा उत्पादन गरेको सयपत्री फूलको माला खपत हुने गरेको बताए । कम लागानीमा छिटो र उत्पादन राम्रो हुनका साथै आम्दानी मनग्य भएपछि रामप्रवोध आकर्षित भएका हुन् ।

'विभिन्न कार्यक्रम र उत्सवमा फूलको माला प्रयोग बढ्न थालेपछि व्यावसायिकरूपमा गर्दा आम्दानी हुन्छ भन्ने लागेपछि यसतर्फ लागेका हौँ', रामप्रवोधले भने, 'फूल आयातको सट्टामा निर्यात हुन्छ, जिल्लामै फूलको खपत पनि हुने भएपछि यसमा लागेका हौँ, तिहारमा यो फूल अझ बढी खपत हुन्छ, यसले हामीलाई उत्साह थपेको छ ।'

सुरूवात गर्दा आफ्नै चार/पाँच कठ्ठा जमिनमा तीन रुपियाँ प्रतिगोटाको दरले फूलको बिरुवा किनेर करिब पन्ध्रसय बिरुवा रोपेर सुरुआत गरेको फूलखेती अहिले एक बिघामा विस्तार गरेको रामप्रवोधको गुनासो राज्यसँग छ । उनले आफूजस्ता किसानलाई राज्यले कुनै किसिमको सहयोग नगरेको गुनासो गरे । प्राविधिक सहयोगका साथै केही अनुदानको बन्दोबस्त राज्यस्तरबाट भए अरु किसान पनि व्यावसायिक फूलखेतीतर्फ आकर्षित हुने धाराणा उनी राख्छन् ।

# चित्लाङस्थित विश्वविद्यालयले खोल्यो स्नातकोत्तर र विद्यावारिधिको भर्ना

साझाकुरा संवाददाता



हेटौंडा, १७ कात्तिक/ मकवानपुरको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकाको चित्लाङमा रहेको मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयले भर्ना खुलाएको छ ।

विश्वविद्यालयले नेपालमै पहिलोपटक विश्वस्तरको अनुसन्धानमूलक शिक्षा दिने गरी स्नातकोत्तर र विद्यावारिधी तहमा भर्ना खोलेको हो । पहिलो शैक्षिक सत्रमा दुवै तहमा गरी जम्मा ३२ मेधावी विद्यार्थीलाई छनोट गरी भर्ना लिने तयारी गरेको उक्त स्वायत्त विश्वविद्यालयले ती तहमा नि:शुल्क शिक्षा र छात्रवृत्तिको प्रबन्ध पनि गरेको छ । विश्वविद्यालयले स्नातकोत्तर र विद्यावारिधीमा फरेष्ट बायोमेटेरियल्स साइन्स एण्ड इन्जिनियरिङ, अर्गानिक एग्रिकल्चर, स्नातकोत्तरमा टुरिज्म इन्फ्रास्ट्रक्चर विषयमा ती तहमा भर्नाका लागि शुक्रबार सूचना प्रकाशन गर्ने विश्वविद्यालयका अध्यक्ष प्रा.डा. राजेन्द्रध्वज जोशीले जानकारी दिए ।

थाहा नगरपालिका-९ चित्लाङस्थित सातसय ४० रोपनी जग्गा पहिचान गरी २०७६ वैशाख १० गते विश्वविद्यालय निर्माणका लागि पूर्वाधार विकास समिति गठन भएको थियो । विश्वविद्यालयले हाल सुविधासम्पन्न प्रयोगशालासहित चार वटा बहुद्देश्यीय भवन निर्माण गरिसकेको छ । हाल एकसय ८० रोपनी जग्गामा विश्वविद्यालयको भोगाधिकार प्राप्त भइसकेको छ । विश्वविद्यालयको हालसम्मको प्रगति र शैक्षिक कार्यक्रमको थालनीबारे जानकारी दिँदै अध्यक्ष डा. जोशीले समृद्ध र न्यायिक नेपालमा योगदान दिन प्याटेन्ट राइट्स सिर्जना र उत्पादन बढाउन सहयोग पुग्ने गरी विश्वस्तरका प्राध्यापक र विद्यार्थीलाई पनि आकर्षित गरिरहेको बताए ।

विश्वविद्यालयको संगठनात्मक प्रक्रिया परम्परागत विश्वविद्यालयभन्दा पृथक रहेको छ । हाल यसको बोर्ड अफ ट्रष्टी (संरक्षक समिति)का अध्यक्ष उद्योगपति पदम ज्योति छन् भने ट्रष्टीमा स्वदेश र विदेशका ख्यातिप्राप्त प्राध्यापक र सूचना प्रविधि विज्ञका साथै अर्थ र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव र विश्वविद्यालय अनुदान आयोगका सदस्यसचिव पदेन सदस्य छन् । विश्वविद्यालयको मुलुकका लागि आवश्यक पर्ने सक्षम, उच्च प्राविधिक तथा अन्य विधाका आदर्शवान जनशक्ति, वैज्ञानिक तथा विचारकको उत्पादन तथा नयाँ ज्ञान र प्रविधि सिर्जना गर्न भविष्यमा तीन हजार सम्म विद्याथी भर्ना लिने लक्ष्य छ ।

# जिल्ला डेंगु संक्रमितको संख्या ७२५ पुग्यो

साझाकुरा संवाददाता

हेटौंडा, १७ कात्तिक/ लामखुट्टेको टोकाईबाट हुने डेंगुबाट मकवानपुरमा गत साउन १ गतेदेखि शुक्रबार दिउँसोसम्म कूल ७ सय २५ जनामा संक्रमण भएको छ ।

जिल्लामा ३ सय ७१ पुरुष र ३ सय ५४ महिला गरी उक्त संख्यामा डेंगु संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जानकारी दिएको छ । स्वास्थ्य कार्यालयका अनुसार जिल्लामा हालसम्म संक्रमित



भएकामध्ये सबैभन्दा धेरै संक्रमित हेटौंडा उपमहानगरपालिकाको रहेका छन् । हेटौंडामा मात्रै ५ सय जनामा डेंगु संक्रमण पुष्टि भएको छ ।

यसैगरी, थाहानगर पालिकाका ३ जना, मकवानपुरगढी गाउँपालिकाका १९ जना, बागमती गाउँपालिकाका २४ जना, मनहरी गाउँपालिकाका ६६ जना, इन्द्रसरोवर गाउँपालिकाका ४ जना, भीमफेदी गाउँपालिकाका ३६ जना, बकैया गाउँपालिकाका २२ जना र राक्सिराङ गाउँपालिकामा २ जनामा डेंगु संक्रमण पुष्टि भएको छ । जिल्लाको कैलाश गाउँपालिकामा भने डेंगु संक्रमितको बिरामी फेला नपरेको मकवानपुर स्वास्थ्य कार्यालय जनाएको छ । गत साउनदेखि हालसम्म डेंगु संक्रमणका कारण एक जनाको मृत्यु भएको छ ।

## दुर्घटनामा घाइते भएका लामाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १७ कात्तिक/ बकैया गाउँपालिकामा सवारीसाधन दुर्घटनामा घाइते भएका १ जनाको मृत्यु भएको छ ।

हेटौंडा-धरान-चतरा सडकखण्डअन्तर्गत् बकैया गाउँपालिका वडा नम्वर-५ तीनतलेमा गत मंगलबार दिउँसो मिनिट्रक दुर्घटना हुँदा घाइते भएका सहचालक बकैया-६ का दिनेश लामाको उपचारको क्रममा मृत्यु भएको मकवानपुर प्रहरीले जनाएको छ ।

कात्तिक १४ गते मंगलबार हेटौंडाबाट फापरबारीतर्फ जाँदै गरेको बा.प्र.०३-००१ क ०७९२ नम्बरको पानी लोड गरेको मिनिट्रक आँफै अनियन्त्रित भई सडकबाट ७ मिटर तल खसी दुर्घटना हुँदा बकैया-७ हर्दाका युवराज सापकोटा र सहचालक लामा घाइते भएका थिए । प्रहरीका अनुसार घाइते ट्रकमा सवार २६ वर्षीय सापकोटा र ट्रकका सहचालक २८ वर्षीय दिनेश लामालाई हेटौंडा अस्पतालमा उपचारका लागि ल्याइएकोमा लामालाई थप उपचारको लागि चितवन भरतपुरको पुरानो मेडिकल कलेज रिफर गरिएको थियो ।

## प्रदेशसभा सचिवालयमा एउटा विधेयक दर्ता

हेटौंडा, १७ कात्तिक/ बागमती प्रदेश सभा सचिवालयमा शुक्रबार एउटा विधेयक दर्ता भएको छ । प्रदेश सचिवालयमा सरकारको तर्फबाट एउटा विधेयक दर्ता भएको प्रदेशसभा सचिवालयका सचिव पूर्णबहादुर दर्जीले जानकारी दिए ।

उनका अनुसार, प्रदेश सभामा दर्ता भएको विधेयकमा प्रदेश हस्तकलाग्रामको स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० दर्ता भएको हो । उक्त विधेयक आगामी बस्ने हिउँदे अधिवेशन बैठकमा छलफलको लागि प्रस्ताब टेबुल गरिने सचिवालयका सचिव दर्जीले बताए ।

# भारतले तिहारअघि २५ हजार मेट्रिक टन चिनी दिने

साझाकुरा संवाददाता

काठमाडौं, १७ कात्तिक/ नेपाललाई तिहारअघि नै २५ हजार मेट्रिक टन चिनी उपलब्ध गराउन भारत सहमत भएको छ । बजारमा चिनीको अभाव चुलिएपछि केही दिन अघि सरकारले भारतलाई छोटो बाटोबाट चिनी उपलब्ध गराइदिन माग गरेको थियो ।

भारतीय दूतावासमार्फत् भएको कूटनीतिक पहलमा भारतले चिनी दिन सहमति दिएको वाणिज्य मन्त्रालयलले जनाएको छ ।

मन्त्रालयका प्रवक्ता एवम् सहसचिव गजेन्द्रप्रसाद ठाकुरले भारतले दिनेमध्ये २० हजार मेट्रिकटन चिनी तिहार अगावै ल्याउने गरी खरिद प्रक्रिया थालेको बताए ।

'हामीले कही दिनअघि गरेको प्रस्तावमा भारत चिनी उपलब्ध गराउन सहमत भएको छ,' सहसचिव ठाकुरले बताए । 'तिहार अघि नै २० हजार मेट्रिक टन चिनी उपलब्ध गराउने गरी खरिदको प्रक्रिया सुरु भएको छ ।'

मन्त्रालयका अनुसार भारतसँग खरिद गर्न लागिएको २५ हजार मेट्रिकटन चिनीमध्ये २० हजार मेट्रिकटन चिनी भन्सार छुटको हुनेछ । यो चिनी अबको एक हप्ताभित्रै ल्याइने ठाकुरले बताए ।

यस्तै, बाँकी रहेको ५ हजार मेट्रिकटन चिनी भने तिहार पछि भन्सार छुटविना नै ल्याइने मन्त्रालयले जनाएको छ ।

सहुलियतको २० हजार मेट्रिकटन चिनीको खरिद प्रक्रियाको लागि सरकारले शुक्रबार नै परराष्ट्र मन्त्रालयमार्फत् भारतीय दूतावासमा पत्राचार गरिसकेको मन्त्रालयले जनाएको छ ।

भारतले नेपाललाई सरकारी कम्पनीबाटै चिनी बिक्री गर्ने र सो चिनी नेपालको खाद्य व्यवस्था तथा व्यापार कम्पनीबाट खरिद हुने उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ ।

**साल्ट र खाद्यलाई १०-१० हजार चिनी**

मन्त्रालयकाअनुसार सरकारले साल्ट ट्रेडिङ र खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई चिनी ल्याउन अनुमति दिएको छ । दुबै कम्पनीले तिहार अघिनै १०-१० हजार मेट्रिकटन चिनी खरिद गरेर ल्याएर बिक्री गर्ने मन्त्रालयले जनाएको छ ।

द्रुत प्रक्रियाबाट चिनी खरिदका लागि साल्ट ट्रेडिङको संयन्त्रले काम गरिरहेको र अहिले चिनीको गुणस्तर, मूल्यमा अन्तिम छलफलमा भइरहेको मन्त्रालयको भनाइ छ । 'सो चिनी भारतीय बजार मूल्यमा खरिद गर्ने र नेपालमा भन्सार छुट हुँदा सस्तो मूल्यमा उपभोक्तालाई उपलब्ध हुन्छ', ठाकुरले भने, 'सबै उपभोक्ता र खुद्रा व्यापारीलाई उपलब्ध हुने गरी चिनी वितरण गर्न सबै संयन्त्र लागेको छ ।'

मन्त्रालयलले चिनीको सहजताका लागि सरकारले सबै उपाय गरिरहेको भन्दै उपभोक्तालाई उच्च मूल्य र ठगीमा नपर्न आग्रह गरेको छ । शुक्रबारमात्रै नेपाली चिनी उद्योगहरुबाट ३ हजार मेट्रिकटन चिनी साल्ट ट्रेडिङले खरिद गरेको र त्यो चिनी बिक्री सुरु भएको मन्त्रालयले जनाएको छ ।

साल्टले उद्योगबाट खरिद गरेको उक्त चिनी पनि बजारमा पठाउन सुरु भइसकेको मन्त्रालयले जनाएको छ । बजारमा चिनीको कृत्रिम भण्डारण हुनसक्नेतर्फ सचेत भएको र सुरक्षा संयन्त्रको परिचालन गरिएको पनि मन्त्रालयले जनाएको छ ।


**बालबालिकाको भविष्य उज्ज्वल बनाऔं ।**

- बालबालिकाको पहिलो तीन बर्ष महत्वपूर्ण हुन्छ,
- त्यस अविधिमा ८० प्रतिशत मष्तिष्क विकास हुने गर्दछ,
- उनीहरुले वरपरको वातावरणबाट सिक्ने गर्दछन्,
- यस अवधिमा बालबालिकालाई राम्रो स्याहार, सम्भार र उत्प्रेरित गरौं,
- उनीहरुसँग नियमित अन्तरक्रिया गरौं,
- यस अवधिमा उनीहरुसँग गरिने व्यवहार, ज्ञान, सीप र सिकाईबाट बालबालिकाको उज्ज्वल भविष्य निर्माण हुन्छ ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**जय शिव शम्भो**

**धार्मिक यात्रामा जाने हो ?**



मथुरा, वृन्दावनको लागि २०८० मंसिर १४ गते रिजर्भ बस खुल्दैछ

*(दर्शनीय स्थानहरु: राम जन्मभूमि अयोध्या, नैमिसारण्य, मथुरा, वृन्दावन, गोकुल, गोवर्धन, नन्दगाउँ, वर्सानाहुँदै ८ देखि ९ दिनमा नेपाल आइपुगिनेछ ।)*

भाडा प्रतियात्रु ने.रु. १६,०००।- लाग्नेछ ।
(विहान बेलुकाको खानासहित)

*(नोट: रिक्सा, टाँगा, धर्मशाला अन्य खर्च यात्रु स्वयम्ले व्यहोर्नु पर्नेछ ।)*

**सम्पर्क:**
**गोपाल थापा**
**हेटौंडा बसपार्क**
**९८४५२९७६८१**

**हेटौंडा उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**व्यवसाय दर्ता घुम्ती शिविर सन्चालनसम्बन्धी सूचना**

हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र व्यापार वा पेशा व्यवसाय संचालन गरिरहनु भएकाहरुको लागि आ.व. २०८०/८१ को पौष मसान्तसम्म व्यवसाय दर्ता गर्न आएमा एक पटकको लागी विगत ३ वर्षको मात्र राजश्व लिई व्यवसाय दर्ता घुम्ती परिचालन टोली निम्न वडा ३, ४, ५, ६, ७, ८, ९, ११, १२, १३, १४, १५, १६, १७, १८ र १९ वडाहरुमा मिति २०८० कात्तिक १३ गते देखि पौष मसान्तसम्म तपशिल अनुसारको मितिहरुमा सन्चालन गरिने भएको हुंदा सम्बन्धित व्यवसायी, उद्यमी, सस्थागत विद्यालय, निजी कम्पनि, व्यापार व्यवसाय लगायतका बिभिन्न आयमूलक काममा संलग्न फार्महरुलाई व्यवसाय दर्ता गर्नु हुन जानकारी गराईन्छ । र बांकी वडाका व्यवसायीहरुले आफुलाई पायक पर्ने वडा तथा हे.उ.म.न.पा.को राजश्व शाखामा आई व्यवसाय दर्ता गर्न सकिने छ । साथै व्यवस्थाय दर्ता गर्न आउँदा तपशिलका कागजात लिइ आउनु हुन अनुरोध गरिन्छ ।

**तपशिल**:-

१. व्यवसाय दर्ता निवेदन पत्र ।
२. व्यवसाय अन्य निकायमा दर्ता भएको भए सोको प्रतिलिपी ।
३ आफ्नै छ र भएमा लालपुर्जाको फोटोकपी र चालु आ.व. सम्मको एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी (एकाघरको हकमा मन्जुरीनामा ) ।
४. बहालमा भएमा घर धनिको लालपुर्जाको फोटोकपी र चालु आ.व. सम्मको एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी साथै बहाल सम्झौता पत्रको प्रतिलिपी ।
५. व्यवसायीको नेपाली नागरिकताको फोटोकपी र दुई प्रति पासपोर्ट साइजको फोटो ।
६. कम्पनी/प्रा.लि. को हकमा प्रवन्धपत्र, नियमावली, प्रा.लि.दर्ता प्रमाण पत्रको प्रतिलिपी,अख्तियार नामा लिई दर्ता गर्न आउने व्यक्तिको नागरिकताको प्रतिलिपी, तथा कम्पनीको छाप अनिवार्य ।
७. सर्जिमिन गर्नुपर्ने प्रकृतिका व्यवसायलाई स्थलगत सर्जिमिन मुचुल्का तथा वडाको सिफारिस ।

**पुनश्च :-**

माथि उल्लेखित कागजात नभएमा निम्न कागजाश पेश गर्नु पर्नेछ ।
१. ऐलानी तथा पर्ती जग्गामा अस्थाई बसोबास गर्ने व्यक्तिहरुले जग्गा धनी प्रमाण पुर्जा (निस्सा कार्ड)
२. सम्बन्धित वडा कार्यालयको शिफारिस ।
३. बिगतका सुकुम्बासी समाधान आयोगमा दर्ताको लागि पेश गरेको निस्सा र खानेपानी तथा बिद्युत मिटर जडानको प्रमाइँा लिई आउनु हुन जानकारी गराईन्छ ।

**तपशिलका वडा कार्यालयहरूमा व्यवसाय घुम्तीशिविर सन्चालन गरिने ५ ।**

| सि.नं. | वडा नं. | मिति |
|---|---|---|
| १ | १९ | २०८०/०७/१३ देखि २०८०/०७/१५ |
| २ | ३ | २०८०/०७/१६ देखि २०८०/०७/१९ |
| ३ | ११ | २०८०/०७/२० देखि २०८०/०७/२२ |
| ४ | १२ | २०८०/०७/२३ देखि २०८०/०७/३० |
| ५ | १३ | २०८०/०८/०४ देखि २०८०/०८/०६ |
| ६ | १४ | २०८०/०८/०७ देखि २०८०/०८/१० |
| ७ | १५ | २०८०/०८/११ देखि २०८०/०८/१३ |
| ८ | १८ | २०८०/०८/१४ देखि २०८०/०८/१७ |
| ९ | १७ | २०८०/०८/१८ देखि २०८०/०८/२० |
| १० | १६ | २०८०/०८/२१ देखि २०८०/०८/२४ |
| ११ | ६ | २०८०/०९/२५ देखि २०८०/०८/२७ |
| १२ | ७ | २०८०/०८/२८ देखि २०८०/०९/०१ |
| १३ | ८ | २०८०/०९/०२ देखि २०८०/०९/०४ |
| १४ | ९ | २०८०/०९/०५ देखि २०८०/०९/०८ |
| १५ | ४ | २०८०/०९/११ देखि २०८०/०९/१३ |
| १६ | ५ | २०८०/०९/१६ देखि २०८०/०९/१८ |

**हेटौडा उपमहानगरपालिका**
**राजश्व प्रशासन शाखा**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना